# माध्यमिक तहमा दलित विद्यार्थीको शैक्षिक अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना
तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह
दोस्रो बर्षको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र

शोधकर्ता
रानीसुजान यादव
त्रि.वि. दर्ता नं.: ९-२-१३-३९८-२००६
क्रमाङ्क : १६१ (२०६५/२०६६ )
परीक्षा क्रमाङ्क. : १३००९५/२०६६
सूर्यनारायण सत्यनारायण मोरवैता यादब बहुमुखी क्याम्पस,
सिरहा
२०७१

त्रिभुवन विश्वविद्यालय

TRIBHUVAN UNIVERSITY

श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादब बहुमूखी  क्याम्पस , सिरहा

shree Suryanarayan Satyanarayan Morbaita Yadav Multiple Campus

Siraha

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

Educational Planning and Management Department

पत्र संख्या

चलानी नम्बर

## सिफारिस -पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम. एड दोस्रो बर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि शोधकर्ता रानी सुजान यादवले तयार पार्नु भएको  **माध्यमिक तहमा दलित विद्यार्थीको शैक्षिक अवस्था** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................

प्रा. धर्मराज सिंह

शोध- निर्देशक

मिति : २०७१/१० /१०

त्रिभुवन विश्वविद्यालय

☎ ०३३-५२०३७८
०३३-५२००८२

# श्री सूर्यनारायण सत्यनारायण मोरबैता यादव
# बहुमुखी क्याम्पस, सिरहा

पत्र संख्या :-

चलानी नं. :-

मिति

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम्.एड्.) दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि रानी सुजान यादवले **माध्यमिक विद्यालय तहमा दलित विद्यार्थीको शैक्षिक अवस्था** शीर्षकमा शोध अध्ययन कार्य पुरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकाले मूल्यांकन समितिबाट स्वीकृत गरिएको छ ।

**शोध मूल्यांकन समिति**

| | | |
|---|---|---|
| प्रा.चन्देश्वर यादव | विभागीय प्रमुख | ..................... |
| धर्मराज सिंह | शोध निर्देशक | ..................... |
| उपप्रा.नारायण प्रसाद अधिकारी | बाह्य परीक्षक | ..................... |

Date: 23/2/2015

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अर्न्तगत शिक्षा योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता पूर्ति गर्नको निमित मा.वि. तहमा दलित विद्यार्थीको शैक्षिक अवस्था शीर्षकमा यो शोधपत्र तयार गरी प्रस्तुत गरिएको छ।
यसै गरी यस अध्ययन कार्यको लागि अमूल्य सहयोग, सल्लाह र सुझाउ प्रदान गर्नु हुने शोध निर्देशक धर्मराज सिंहप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस शोध अनुसन्धान कार्यमा प्रस्तावना लेखन देखिनै आफनो अमूल्य समय दिएर नियमित निर्देशन महत्वपूर्ण सुझावहरुका साथ पथप्रदर्शन गर्नु हुने सिरहा बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख, प्रा. चन्देश्वर यादब लगायत क्याम्पस प्रमूख रामहित यादब ज्यू प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु।

यस अध्ययनको काममा आवश्यक सुचना तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने सुखीपुर श्रोत केन्द्रका स्रोत व्यक्ति , नमुना छनोटमा परेका सामुदायिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष , प्राचार्य /प्रधानाध्यापक , शिक्षक , अभिभावक र विद्यार्थीहरु प्रति अभार व्यक्त गर्दछु। अध्ययनको लागि वातावरण बनाई सहयोग गर्ने मेरो परिवारका सम्पूर्ण सदस्यहरु श्रीमान् श्री तेजनारायण यादव ज्यू, प्रा.सुरेन्द्र कुमार यादव, र मित्र शिक्षक रामचरित्र यादव, शिक्षक शुशिल चौधरी ज्यूप्रति अभार तथा धन्यवाद दिन चाहन्छु।

अन्त्यमा यस शोधपत्र तयार गर्नुमा दिनेश कुमार यादब लगायत अन्य मित्रहरु समेतलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

# शोधसार


*माध्यमिक तहमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्था शीर्षकमा गरिएको यस अध्ययन कार्यको मुख्य उद्देश्य दलित बालबालिकाको शैक्षिक स्थिति पत्ता लगाउनु रहेको छ ।*

*यस अध्ययनको लागि सिरहा जिल्लाको सुखीपुर स्रोतकेन्द्र अन्तर्गत रहेका ५ वटा सामुदायिक माध्यमिक तह छनोट गरिएको छ । यसका लागि उद्देश्यमूलक नमुना छनोटबाट स्रोत व्यक्ति १ जना विद्यालय व्यवस्थापन समिति अध्यक्ष ५ जना प्राचार्य ५ जना, शिक्षक ५ जना र अभिभावक १० जना छनोट गरिएको छ । सम्भावना यूक्त नमुना छनोटवाट प्रत्येक विद्यालयमा १ जना छात्र र १ जना छात्रा पर्ने गरी १० जना दलित विद्यार्थी समेत जम्मा ३६ जनालाई नमुनाको रुपमा लिइएको छ ।*

***ढाँचा***

*यस अध्ययनको ढाँचा परिमाणात्मक र गुणात्मक रहेको छ । अन्तर्वार्ता ,प्रश्नावली र विद्यालय विवरण फारमलाई साधनको रुपमा प्रयोग गरिएको छ ।*

*अध्ययन क्षेत्रका विद्यालयहरुको माध्यमिक तहमा दलित विद्यार्थीको उमेर अनुसारको भर्ना न्यून रहेको, उपस्थिति कम रहेको, उपस्थितिमा छात्रा भन्दा छात्र प्रतिशत धेरै न्यून रहेको पाइयो र परीक्षा अनुत्तीर्ण हुने दर अन्य विद्यार्थीमा भन्दा दलित विद्यार्थीमा धेरै रहेको देखियो । दलित छात्रा भन्दा छात्र बढी उत्तीर्ण भएको देखिए पनि छात्राको उत्तीर्ण संख्या बृद्धि हुदै गएको पाइयो । दलित बालबालिकाका शैक्षिक समस्याहरुमा परिवारको कमजोर आर्थिक अवस्था, बाबुआमाको अशिक्षा, पारिवारिक सङ्ख्या र वातावरण, परम्परागत पेशाको निरन्तरता, धार्मिक र सामाजिक संस्कार मूख्य रुपमा रहेका छन् । त्यस्तै छोरा छोरीमा हुने लैङ्गिक विभेद, व्यवहारिक तथा व्यावसायिक शिक्षाको अभाव, जातीय छुवाछुत व्यवहारिक रुपमा कायमै रहनु सामाजिक र जातीय संस्कार मनोवैज्ञानिक रुपमा एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण हुनु विद्यालयको सिकाई वातावरणले कमजोर विद्यार्थीलाई उत्प्रेरित गर्न नसक्नु बढ्दो बेरोजगारी जस्ता कारणले पनि शिक्षामा पहुँच बृद्धि गर्न समस्याको रुपमा रहेको पाइयो । समस्या समाधान गर्न अभिभावकको शैक्षिक स्तर वृद्धि गर्न विशेष साक्षरता अभियान सञ्चालन गर्नु पर्ने, जनचेतना कार्यक्रम*

*सञ्चालन गर्नु पर्ने, निःशूल्क शिक्षालाई व्यवहारिक रुपमा लागु गर्नु पर्ने विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने सुझावहरु दिइएको छ ।*

# विषय सूची


| | पेज |
|---|---|
| **सिफारिस पत्र** | **i** |
| **कृतज्ञताज्ञापन** | **ii** |
| **शोधसार** | **iii** |
| **परिच्छेद : एक** | |
| **परिचय** | **१-१२** |
| १.१. अध्ययनको पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ७ |
| १.३. अध्ययनको औचित्य | १० |
| १.४. अध्ययनका उद्देश्य | ११ |
| १.५. अनुसन्धान प्रश्नहरु | ११ |
| १.६. अध्ययनको परिसीमा | ११ |
| १.७. शाब्दिक पदावलीको परिभाषा | १२ |
| **परिच्छेद दुई** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **१३-२२** |
| २.१. सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२. सैद्धान्तिक खाका | १९ |
| २.३. साहित्य पुनरावलोकनको उपायदेयता | २० |
| **परिच्छेद तीन** | |
| **अध्ययन विधि तथा प्रक्रिया** | **२४ -२७** |
| ३.१. अनुसन्धान ढाँचा | २४ |
| ३.२. नमुना छनोट | २४ |
| ३.३. तथ्याङ्कका स्रोत | २५ |
| ३.३.१. प्राथमिक स्रोत | २५ |

३.३.२. द्धितीय स्रोत २५
३.४. तथ्यांक संकलनका साधन २५
३.४.१. अन्तर्वार्ता प्रश्नावली २६
३.४.२. विद्यालय विवरण फारम २६
३.४.३. समूह छलफल २६
३.५. तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रिया २६

## परिच्छेद चार

## नतिजाको विश्लेषण २८ -४२

४.१. दलित विद्यार्थीको शैक्षिक अवस्था २८
४.१.१ दलित विद्यार्थीको उपस्थिति २८
४.१.२. विद्यार्थी भर्ना २९
४.१.३. दलित विद्यार्थीको परीक्षा परिणाम ३२
४.२. दलित विद्यार्थीको शैक्षिक समस्या ३६
४.२.१ विद्यार्थी भर्ना ३७
४.२.२ विद्यार्थी उपस्थिति ३८
४.२.३ परीक्षा परिणाम ३९
४.३. दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरु ४१
४.३.१ अभिभावकको शैक्षिक स्तर वृद्धि । ४१
४.३.२ परिवारिक आयमा सुधार तथा शैक्षिक समाग्री वितरण । ४२
४.३.३ विद्यालयमा सिकाईप्रति उत्प्रेरित हुने वातावरण निर्माण । ४२
४.३.४ घर परिवारको वातावरणमा सुधार तथा सोचाइमा परिवर्तन । ४२

## परिच्छेद पाँच

**निर्ष्कष र सुझावहरु** **४४ -४६**

५.१. निष्कर्ष ४४

५.२. सुझाव ४५

५.२.१. अभ्यास तह ४५

५.२.२. नीतिगत तह

५.२.३. अनुसन्धान तह ४६

सन्दर्भसामग्रीहरु ४७-४९

अनुसूचीहरु ५०-५५

# परिच्छेद : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एउटा प्राकृतिक सौन्दर्यता र भौगोलिक विविधता ले भरिएको मूलुक हो । जो चार वर्ण छतिस जातीको फुलवारी जस्तै छ । धार्मिक एवं एतिहासिक दृष्टीकोणले धनी पूर्वाञ्चल विकास क्षेत्रको  पश्चिम भागमा अविस्थित विश्वको सर्वोच्य हिमाल शिखर को नाममा सगरमाथा अञ्चलको पश्चिम दक्षिण भागमा सिरहा जिल्ला छ । यो सिरहा जिल्ला पर्यटकीय दृष्ठिकोणले उत्तम जिल्ला भए पनि सम्बन्धित निकायहरुको निस्कृियताले पछि परेको छ । सिरहा जिल्लाको पूर्व दक्षिण भागमा पर्ने सुखीपुर स्रोत केन्द्र लाई यस अध्ययनको केन्द्र विन्दु वनाएको छ ।
नेपालको शैक्षिक जगतलाई नियालेर हेर्दा वि.स. २००७ साल अधि हामी सँग कुनै सुनियोजित पाठ्क्रम थिएन, देश भरिका विद्यालयहरुमा एकै किसिमका पढाई पनि थिएन । विभिन्न ठाउँहरुमा भाषा पाठसाला, संस्कृत पाठशाला, अंग्रेजी पाठशाला एवं आर्दश पाठशालाहरु थिए । विद्यालयहरुमा विदेशी लेखकहरुले लेखेका पाठ्यपुस्तकहरु पढाईन्थ्यो ।
समाजको चौतर्फी विकासकोलागि एक मात्र आधार शिक्षा हो । शिक्षा बिना समाज अगाडि बढ्न सक्दैन । कुनैपनि राष्टले शिक्षाको माध्यमबाट जनताको चेतनाको स्तरलाई अभिबृद्धि गराएर मात्र त्यो देशको विकास कार्य अगाडि बढ्न सक्छ । अतः सबै तह जातजाति, लिङ्ग र भाषाका मानिसले समानस्तरको शिक्षा अर्थात आधुनिक, गुणस्तरीय एवम् व्यावहारिक शिक्षा पाउनु पर्दछ । समाजमा विद्यमान कतिपय चालचलन, रीतिरिवाज, संस्कृति एवम् अभिभावकको परम्परागत सोच जस्ता कारणले गर्दा शिक्षा क्षेत्रमा विभेदीकरण तथा पहुँचमा असमानता देखा परेको पाइन्छ । कुनै पनि राष्ट्रको मेरुदण्ड  शिक्षा नै हो तापनि शिक्षाकै क्षेत्रमा  सबै जातजातिमा सर्वसुलभ बनाई राज्यले सुविधा प्रदान गर्न सकिरहेको छैन र आवश्यक दक्ष जनशक्ति तयार पार्न सरकार सकिरहेको छैन । आजको बैज्ञानिक युगमा पनि नेपाल जस्तो बहुभाषिक, बहुजातिय, बहुधार्मिक र बहुसाँस्कृतिक मूल्य मान्यतामा आधारित राष्ट्रमा विविध साँस्कृतिक र परम्परामा आधारित मानवीय व्यवहारको कारण राष्ट्र निर्माण देखि राज्य संरचना समेतमा तल्लो जातका मानिसहरु

दलित र जनजातिहरु अमानविय र अपमानको शिकार बन्दै गएका छन् सामान्यत : दलित भन्नाले नेपालमा त्यस्तो वर्ग बुझिन्छ जो समाजमा हक, इज्जत र प्रतिष्ठा पाउन सकेका छैनन, अपितु शिक्षाको क्षेत्रलाई पनि सबै जातजाति र स्थानमा सर्वशुलभ बनाई सुविधा प्रदान गर्न राज्यले सकिरहेको छैन । सामान्य रुपमा जानकारी हुँदा-हुँदै पनि त्यसका कारण, तथ्य र वास्तविक अवस्था बारे जानकारी लिई समस्या समाधान र दलित जातिको शैक्षिक प्रगतिका बारेमा निकासका लागि कार्यक्रमको योजना गर्ने, नीति बनाउने कार्यमा यस अध्ययने टेवा पुऱ्याउने आशाले अध्ययन गर्न लागिएको छ । “दलित” शब्द नै बहुपरिभाषित शब्द भएको छ । हिन्दु समाजमा वर्ण व्यवस्था भित्र चौथो वर्ग शुद्रलाई अछुत भन्दै आएकोमा वि.स.२०२४ साल देखि ती वर्गलाई नै “दलित” भनेको - दलिएका, पिछडिएका, थिचिएका , हेपिएका, पिसिएका भनेर व्याख्या गरिएको छ ।

नेपालमा आधुनिक शिक्षा प्रणालीको आरम्भ वि. सं. (१९१०) असोज २७ गते दरबार हाइस्कुलको स्थापनाबाट भएको हो (पोखरेल, २०६६) । त्यसबेला खुलेका स्कुलमा जनताका छोराछोरीले पढन पाउँदैनथे । शासक र शासित बीचको यो भेदभाव धेरै वर्षसम्म कायम रह्यो । राणाहरुको जहाँनिया शासन कालमा शिक्षा आर्जनको अवसर शासक वर्गलाई मात्र थियो । वि. सं. (२००७) सालको राजनैतिक परिवर्तन पछि शैक्षिक क्षेत्रमा पनि आमूल परिवर्तन भयो । जनताका छोराछोरीले समेत पढ्न पाउने गरी देशमा तिब्र रुपमा विद्यालयहरु स्थापना हुन थाले । फलस्वरुप शैक्षिक सुविधाहरुको विस्तार तथा शिक्षा आर्जनमा प्राप्त अवसरले गर्दा स्थानीय र राष्ट्रिय विकासका साथै सामाजिक रुपान्तरण एवं जीवनस्तरमा सुधार ल्याउने कार्यमा सकारात्मक योगदान पुगेको पाइन्छ । यद्यपि शिक्षा क्षेत्रमा विभिन्न चुनौतीहरु कायमै छन । लैङ्गिक, जातजाति तथा भौगोलिक विकटताका कारण समाजमा विविध खाले असमानताहरु बढेर गइरहेका छन । शैक्षिक व्यवस्थापन, गुणस्तर, विद्यालय क्षेत्र सुधार र शिक्षा प्रणालीलाई सक्षम बनाउने कार्य चुनौतीपूर्ण नै रहेको छ ।

शिक्षासँग सम्बन्धित विभिन्न समस्या र चुनौतिहरु हाम्रो सामु रहेका छन् । माध्यमिक विद्यालय शिक्षाको विकासमा प्रगति देखिएता पनि विद्यालय पढ्ने उमेरका सम्पूर्ण बालबालिकाहरु भर्ना भएको देखिदैन । खासगरी गरिब, दलित, मधेसी, आदिवासी जनजाती बालबालिकाहरु माध्यमिक

विद्यालय शिक्षाबाट बञ्चित रहेको देखिन्छ । विद्यालय र माध्यमिक विद्यालय शिक्षामा सबै लिङ्ग, वर्ग र क्षेत्रका छात्रछात्राहरुको समान पहँच पुग्न सकेको छैन । त्यस्तै गुणस्तरीय शिक्षाका लागि आधारभुत भौतिक पूर्वाधारको विकास हुन नसकेको, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक आपूर्ति गर्न नसकिएको अवस्था छ । शैक्षिक बेरोजगारको सङ्ख्यामा बृद्धि हुँदै गरिएको छ । महिला, दलित, अपाङ्ग पिछडिएका वर्ग, जनजाति, मधेसी, द्धन्द्ध प्रभावित तथा विस्थापितहरुलाई शिक्षाको मूल प्रवाहमा पूर्ण रुपमा समावेश गर्न सकिएको छैन । शैक्षिक सुविधा तथा सेवाहरु लक्षित समूदाय सम्म पुऱ्याउन कठिनाई पुगेका जस्ता समस्याहरु यस क्षेत्रमा देखिएका छन् ( शिक्षा मन्त्रालय, २०६५) ।

अशिक्षा तथा अज्ञानताको कारण उनीहरुमा पारिवारिक सङ्ख्या ठूलो रहेको देखिन्छ । विपन्न, गरीब, तथा पिछडिएको समुदायमा रहेका बालबालिकाहरुको पहुँच बढाउनका लागि नेपालमा पनि सन् (२०१५) सम्म सबैका लागि शिक्षा कार्यक्रम अगाडि बढिरहेको छ । विविध प्रकारका छात्रवृत्ति उपलब्ध गराउनु, शिक्षाका लागि खाद्यान्न कार्यक्रम, दलित छात्रवृत्ति तथा निःशुल्क शिक्षा जस्ता कार्यक्रमहरु संचालनमा छन । तर मा.वि. शिक्षामा उक्त कार्यकमहरु हाल सम्म व्यवस्थित हुन नसकेको पाइन्छ ।

कोइराला (सन् १९९६) अनुसार दलित शब्द संस्कृतवाट आएको तत्सम शब्द हो । यसले कुनै जाति विशेषलाई समेट्ने होइन । सामाजिक रुपमा पिछडिएको, आर्थिक रुपमा गरिब, राजनैतिक रुपमा शक्तिहिन समुहलाई बुझाउन प्रयोग गरिने साझा राजनैतिक शब्द हो । यसको अर्थ व्यापक छ । यस अन्तर्गत सामाजिक दृष्टिले पछि परेका राउटे, कोचे, मेचे, चेपाङ, धिमाल जस्ता जनजाति समेत पर्न आउँछन । यसरी जातीय व्यवस्था अन्तर्गत हेपिएका, चेपिएका, ऐतिहासिक कालखण्ड देखि नै ठगिएकाहरु दलित भित्र पर्दछन ।

दलित समुदाय भन्नाले जातीय भेदभाव र छुवाछुतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवं धार्मिक क्षेत्रमा समाजको सवैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवम् सामाजिक न्याय पाउन नसकेको जात र समुदायलाई जनाउँछ ।

समाजमा सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक, शैक्षिक एवम् सांस्कृतिक दृष्टिले अगाडि परेका जातजातिहरु गैर दलित अन्तर्गत पर्दछन । किनभने गैर दलित भनेका दलित बाहेकका

जातजातिहरुलाई मानिएको छ। नेपालमा राष्ट्रिय दलित आयोग स्थापना गर्न बनेको विधेयक, (२०५९) का अनुसार दलित समूदाय भित्र पर्ने जातहरुमा विश्वकर्मा, (कामी, सूनार, लोहार, टमटा, चुनारा, ओड), दर्जी (दमाई, परियार, हुड्के, ढोली), सार्की (मिजार, चर्मकार) वादी गाइने (गन्धर्व), कपाली, खड्गी, देउला, कुचे, चमार, दुसाध, (पासवान, हजरा), धोवी (रजक), तत्मा, डुम, बातर, खत्वे, मुसहर, हलखार, पत्थरकट्टा। तर नेवारी समुदायभित्र पर्ने खड्गी, देउला, कुचे र धोवी समुदायहरुले दलित समुदाय भित्र नपर्ने भनी अवाज उठाइरहेका छन। नेपालसरकार स्थानिय विकास मन्त्रालयका अनुसार २२ वटा जाति, केन्द्रिय तथ्याङ्क विभाग (१९९१) को तथ्याङ्क अनुसार ११ वटा जातिलाई दलित मानेको छ। उपेक्षित, उत्पीडित दलित विकास समितिका अनुसार २३ जाति, मुलुकी ऐन (१९१०) का अनुसार ८ जातिलाई दलितको रुपमा लिएको छ (पाण्डेय, २०६४:६६)।

यसरी सामाजिक श्रम विभाजनको तत्कालिन आवश्यकताले जन्माएको वर्णव्यवस्थालाई स्थिर एवम् अपरिवर्तनीय जातीय धर्मको रुपमा लिई शासक वर्गले छुवाछुत जस्तो कलङ्कको रुपमा पुऱ्यायो।

वैदिक साहित्यमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्णमा कर्म सँग सम्बन्धित गरी वर्गीकरण गरिएको पाइन्छ। त्यस्तै दण्डप्रतिको हिन्दु धारणा पनि जातीय भिन्नता अनुसार फरक - फरक भएको पाइन्छ। दण्डको प्रकार कस्तो हुने र कति गर्ने भन्ने कुरा अभियुक्तको जातमा निर्भर रहन्थयो। जस्तोसुकै जघन्य अपराध गरेको भए पनि ब्राह्मणलाई मृत्यु दण्ड नहुने व्यवस्था थियो र ब्रह्मण वाहेकका अन्य जातहरुमा समान कसुरमा पनि उपल्लो जातले भन्दा तल्लो जातले अपेक्षाकृत कठोर दण्ड पाउँथ्यो। यसो हुनुमा तल्लो जातले माथिल्लो जातको विरुद्ध गरेको कुनै पनि कार्यलाई वढी अनादर पूर्ण एवम् दोष युक्त कार्य मानिन्थ्यो। यसकौ आधारमा पनि कठोर सजाँय तोकिन्थ्यो (दाहाल, २०४९: १८३)।

यसरी ग्रन्थ, शास्त्र, स्मृतिहरुले जातजातिहरुको वैधानिकता दिई छुवाछुत जस्तो कलङ्कमा पुऱ्याइ सबै इश्वरको उल्लङ्घन गर्न नहुने आदेश हो भन्दै अमर वनाउने प्रयत्न गरेको पाइन्छ नेपालमा जातीय विकास बैदिक काल भन्दा पनि पूर्व देखि भएको पाइन्छ। नेपालमा लिच्छविकालीन शासनकाल (इ.२००- ८७९) मा नै वर्णश्रम व्यवस्थाले जरो गाडिसकेको देखिन्छ।

आजको वर्ण व्यवस्था ४ वर्ण ३६ जात भने झै त्यति वेला ४ वर्ण १८ जातको संरचना भएको पाइन्छ । लिच्छविकालीन विभिन्न शिला लेखका आधारमा लिच्छवीकालसम्म आइपुग्दा छुवाछुत प्रथाको विजारोपण भैसकेको पाइन्छ । छुवाछुत प्रथालाई मलजल गर्ने, फूलाउने र फलाउने काम मल्ल कालमा आएर गरियो । मल्लकालीन राजा जयस्थिति मल्लले समाज सुधारका नाममा जातीय व्यवस्था मिलाई राज्यको प्रत्यक्ष हस्तक्षेपमा धेरै विकृति ल्याए । यिनकै पालामा विभिन्न थरीका भारतीय ब्राह्मण आफ्नो दरबारमा झिकाई उनीहरुकै सल्लाहबाट वर्णाश्रम भित्रका हिन्दु जातिलाई मनुस्मृतिका आधारमा मर्यादा क्रममा वाँध्ने काम गरेको पाइन्छ । त्यसै समयदेखि छुवाछुत, उच - नीच र भेदभावले आ-आफ्ना स्थान ग्रहण गरे जुन तिव्र रुपमा अगाडि वढ्यो ( पाण्डेय,२०६४:७० ) ।

इतिहासको अध्ययनबाट गोरखाका राजा राम शाहले पनि जात पात र छुवाछुत प्रथालाई कायमै राखि श्रमलाई आधार वनाएर जातीय विभेदको व्यवस्था लागु गरेको उल्लेख छ । मानव निर्मित जातीय विभेदको कुनै पनि वैधानिकता नभई प्रथा निरन्तरता रहेको थियो । जुन कु - प्रथा र प्रचलन सुधारको कदम चाल्न पृथ्वीनारायण शाहले प्रयास गरेको देखिन्छ तर राज्य सञ्चालकहरुको शक्ति षड्यन्त्र र बेमेलको कारण राष्ट्र निर्माण र सामाजिक सुधारतर्फ उन्मुख हुन सकेन । यो समय सम्म जातीय विभेदको व्यवस्था धर्म, प्रथा र परम्परामा नै अडिएको पाइन्छ (नेपाल, २०६३:११७) नेपालको कानुनी इतिहासमा पहिलो पटक मूलुकी ऐन (१९१०) मार्फत हिन्दुकरणको प्रक्रियालाई मनुस्मृतिय जातीवादको आधारमा व्यवस्थित गर्न जंगबहादुरले कानुनी रुप दिए । सम्पुर्ण नेपालीलाई तागाधारी, खस, मतलवाली, पानी चल्ने शुद्र र नचल्ने शुद्र गरी पाँच समुहमा विभाजन गरियो । पानी चल्ने शुद्रमा प्राय: सवै जनजाति र पानी नचल्ने शुद्रमा कामी, दमाई, सार्की, पोडे, च्यामे, कसाही, गाइने, मुसहर, डोम, चमार , दुसाध, खत्वेलाई राखियो (शर्मा पौड्याल,२०६६) । यसरी छुवाछुत प्रथालाई ऐन मार्फत कडाइका साथ लागु गरियो । (२००७) सालको जनक्रान्ति पश्चात कानुनका दृष्टिमा सबै समान रहने र धर्म तथा जातका आधारमा कुनै भेदभाव नगरिने व्यवस्था अन्तरिम शासन विधान, (२००७) मा गरियो । कानुनमा व्यवस्था भएता पनि व्यवहारिक रुपमा लागु हुन सकेन । कडाइका साथ लागु गर्न ध्यान नदिएको कारण यस समयमा पनि छुवाछुत प्रथाले आफ्नो आकार ग्रहण गरिरह्यो । नेपाल अधिराज्यको

संविधान, (२०१५) मा जातिय विभेदको अन्त्य गरिने व्यवस्था भए पनि कार्यान्वयन पक्ष दह्रो भएन । जसको कारण यो समस्या जस्ताको त्यस्तै रह्यो । पञ्चायत कालीन संविधानमा पनि धर्म, जाती, लिङ्ग, वर्ण आदिको आधारमा भेदभाव नगर्ने व्यवस्था भयो । तर भेदभाव गर्ने व्यक्तिलाई कस्तो कार्यवाही गर्ने भन्ने व्यवस्था नभएकोले व्यावहारिक रुपमा कार्यान्वयन गरिएन ( पाण्डेय, २०६४) ।

## नेपालमा दलितको अवस्था र शिक्षाका अवसरहरु

नेपालमा दलितहरुको अवस्था र उनीहरुमा शिक्षाका अवसरहरुको चित्रण तल उल्लेखित तथ्यहरुवाट स्पष्ट हुन्छ । दलितहरुलाई दासता र श्रममा लगाउनको लागि आर्थोपार्जनबाट वञ्चित गरिएको पुरानो परम्परा थियो । त्यो आधारभुत रुपमा परिवर्तन भएको छैन । अधिकांश दलितहरु भुमिहिन वा सुकुम्वासीको रुपमा रहेका छन । जमिन भएकाहरुको पनि ज्यादै थोरै छ । उनीहरु गरिब किसानको रुपमा रहेका छन् । सामान्यतया दलित समुदाय गाँउको छेउमा झोपडीमा वसेको पाइन्छ । उनीहरु अल्पसङ्ख्यक तथा हेपिएको, थिचिएको र चेपिएको हुनाले उनीहरु विरुद्ध कुनै शोषण भए पनि त्यसको प्रतिकार गर्ने स्थितिमा हुदैनन । वर्तमान अवस्थामा पनि रोग र भोगबाट सवैभन्दा वढी प्रताडित छन । छुवाछुत र गरिवीकोकारण उनीहरु समाजको तल्लो श्रेणीमा जीवन यापन गर्न वाध्य छन । आफ्नै जग्गा खेती गरेर गुजारा गर्नेको सङ्ख्या अत्यन्त कम छन । नेपालको ७५ वटै जिल्लामा दलितहरु छरिएर रहेका छन् । (२०५८) सालको जनगणना अनुसार दलितहरुको जनसङ्ख्या ३०,३०,०६७ अर्थात १३.०८ प्रतिशत रहेको छ । जस्मा पुरुष १५,००,३६७ र महिला १५,२९,७०० छन् । लैङ्गिक आधारमा हेर्दा दलितहरुमा पुरुषको तुलनामा महिलाको सङ्ख्या बढी देखिन्छ । धार्मिक आस्थाको अध्ययन गर्दा अधिकांश दलितहरु हिन्दु धर्मावलम्बी रहेको पाइन्छ भने दोस्रोमा बौद्ध धर्म मान्ने र केहीले सिख, जैन र इसाई धर्म मान्ने गरेको पाइन्छ । दलित आयोग्यले प्रकाशन गरेको दलित जातिय अनुसूची विवरणमा उल्लेख भए अनुसार नेपालका १२५ जाति मध्ये पहाड्मा सात र मधेशमा १९ गरी कुल २६ जाति दलित जातिभित्र पर्दछन् । (२०६८) सालको  जनगणाना अनुसार दलित जातिको जनसँख्या कुल जनसंख्याको  १३.६ प्रतिशत हुन आउँछ ।  दलितको आर्थिक अवस्था दयनीय रहेको छ । नेपालको कूल जनसङ्ख्याको ३१ प्रतिशत गरिवीको रेखामुनि रहेको छ । अरु जातजातिको

तुलनामा पहाडे दलितहरु ४७.६ प्रतिशत र तराई दलितहरु ४५.७ प्रतिशत गरिबीको रेखा मुनि रहेका छन । अन्य जातजातिको तुलनामा दलितहरु धेरै सङख्यामा गरिबीको रेखामुनि रहेको देखाउँछ । प्रति व्यक्ति आम्दानीको रुपमा हेर्दा नेपालको वार्षिक आय औसत रु २०,६८९ रहेकोमा पहाडे दलितको रु १३,३४० र तराई दलितको रु१०,८८८ रहेको छ जुन अरु जातको तुलनामा अत्यन्त कम छ (शेर्पा,२०६३:३२३) ।

कुनै पनि जात वा सामुदयको विकास वा पछौटेपनको अवस्था मापनको अधार शिक्षा नै हो । शिक्षाबाट पछाडि परेको समाजको विकास सम्भव छैन । यसै अर्थमा दलितहरुको शैक्षिक स्थिति कमजोर रहेको छ । यसका लागि विभिन्न ऐन, नियम, योजनाहरुमा सूधारका प्रयासहरु भएका छन् । नवौ योजना (२०५४ - २०५९ ) ले मानव संसाधन विकास कार्यक्रम अन्तर्गत शैक्षिक चेतना अभिबृद्धि गर्न व्यावहारिक शिक्षा, दलित छात्रछात्रालई छात्रवृत्ति उपलब्ध गराउन छात्रवृत्तिकोष स्थापना जस्ता कार्ययोजना अगाडि सारेको थियो ।

## १.२ समस्याको कथन

दलित समुदायमा विधमान समस्याहरुको समाधानको उपाय शिक्षा वाट नै सुरुवात गर्न सकिन्छ, किनभने शिक्षा समाजमा सञ्चालन हुने सामाजिक चेतनाको माध्यम हो । कुनै पनि राष्ट्रको जनताको चेतनास्तरलाई अभिबृद्धि गर्न शिक्षाको माध्यमबाट मात्र सम्भव हुन्छ । नेपालको सन्दर्भमा हेर्दा अहिलेको एक्काइसौ शताब्दीमा पनि अशिक्षा, अज्ञानता, गरिबी, रोग र भोकले पिल्सिएको अवस्था छ । विश्वका गरिब राष्ट्रहरुको सूचीमा पर्ने गरिब देशको रुपमा चिनिन्छ । असमानता, अशिक्षा, आर्थिक विपन्नता जस्ता कारणले देशको अवस्था दिनानुदिन बिग्रदै गएको छ । सबै समुदाय र वर्गको समानुपातिक विकास हुन सकेको छैन । त्यसमा पनि पिछडिएर रहेका दलित जातिहरुमा अशिक्षा र उत्पीडनका कारण तिनिहरुको अवस्था दयनीय रहेको छ । उनीहरु परम्परागत काममा निर्भर रहनु परेको छ । पिछडिएका वर्ग तथा दलित समुदायहरुमा राजनैतिक, आर्थिक, सामाजिक, पहुँच पनि ज्यादै न्यून छ । यी जातिहरुको उत्थानका लागी धेरैपटक धेरै कार्यक्रमहरु आए तर पनि सामाजिक विभेद, आर्थिक विपन्नता र असमानतामा कमी आउन सकेन । शैक्षिक स्थिति सुधारको लागि नि:शुल्क पाठ्यपुस्तक वितरण, दलित छात्रवृत्ति जस्ता कार्यक्रमहरु लागु भएका छन । तर पनि अपेक्षित प्रगति हुन सकिरहेको छैन । साथै माध्यमिक

स्तरमा सो कार्यक्रमहरु लागू हुन सकेको छैन । शिक्षा विनाको समाजको प्रगति परिवर्तनको ढाँचा, विकासको समग्र अवस्था वारे जानकारी लिन त कठिन पर्नु अस्वभाविक होइन यसकारण समाजको लागि संगसगै अगाडी वढन समाजका हरेक जातजाति , भाषाभाषिका समुदायहरुलाई मेरुदण्डका रुपमा मानिएको शिक्षामा पहुच पुऱ्याउनु राज्यको दायित्व हो । सन् (१९९०) को मार्ग महिनामा थाइल्यान्डको जोमतिनमा सम्पन्न भएको सवैको लागि शिक्षा विषयक विश्व सम्मेलनले सन् २००० सम्म पूरा गर्ने भनेर प्रतिवद्धताहरुको मूल्याङ्कन गर्न १० (दश ) बर्ष पछि २००० को अप्रिलमा विश्वका १८० देशले यूनेस्कोले तयार पारेको निर्देशिकामा १८ वटा सूचकहरुको आधारमा सेनेगलको राजधानी डकारमा सन् २०१५ सम्मका विश्वव्यापी रुपमा सबैका लागि गुणात्मक शिक्षा उपलब्ध गराउने उद्देश्यहरु तय गरेको छ जसमध्ये अल्पसंख्यक जनजाति बालबालिकाहरुलाई सन् २०१५ सम्म गुणस्तरयूक्त निःशूल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता गर्नू लक्ष्य तोकिएको छ । यसर्थ दलित केटाकेटीहरुलाई विद्यालयमा ल्याउनु र तिनलाई बीचैमा विद्यालय छोड्न नदिन “दलित छात्रवृत्रि” प्रदान गर्ने गरिएको छ । यस कार्यक्रमबाट दलितहरुमा आशा पलाएको छ । प्रतियोगी भावना बढेको छ । तर अझै यो कार्यक्रमलाई प्रभावकारी बनाउने काम भने गर्नु पर्ने देखिन्छ । दलित , उपेक्षित, उत्पीडित विकास समितिले माध्यमिक शिक्षामा पढ्ने केही दलितहरुलाई छात्रवृत्रि दिने गरेको छ । यसै गरि नेपाल दलित महिला संघ, लुथरान वर्ल्ड सर्भिस, सेभ द् चिल्ड्रेन यू.एस. जस्ता संस्थाहरुले दलित छात्रवृति प्रदान गर्दै आएका छन । तसर्थ गरिवहरुको लागि अनिर्वाय शिक्षा, निःशूल्क शिक्षा, गा.वि.स. पिच्छेको छात्रवृत्ति अथवा विद्यालय पिच्छेको छात्रवृत्रि व्यवस्था , दीर्घकालीन ऋण सुविधा आदि व्यवस्था गरिनु पर्दछ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०४९) ले गरिबीको रेखामुनी रहेका सबै सुविधा विहिनहरुको लागि समानता र समान पहुँच युक्त गुणात्मक शिक्षा र प्रभावकारी शैक्षिक व्यवस्थापनको नारा सहित आधारभुत प्राथमिक शिक्षा पहिलो र दोस्रो चरण सम्पन्न भइसकेको छ ।

दशौ योजना (२०५९ - २०६४) मा प्राथमिक तहको खुद भर्नादर बृद्धि गर्न तथा महिला शिक्षिकाको अनुपात बृद्धि गर्न बालबालिकाहरुलाई पौष्टिक आहार उपलब्ध गराउने उल्लेख गरेको

छ। महिला, पिछडिएको वर्ग, दलित, पिछडिएका जनजाति, अपाङ्ग महिला तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्गका बालबालिकालाई छात्रवृत्ति दिने व्यवस्था गरेको छ। मा.वि.तहमा त्यसतो कुनै कार्यक्रम नरहेको पाइन्छ। तीन वर्षीय अन्तरिम योजना (२०६४/०६५-२०६६/६७) मा लक्षित वर्ग विशेष गरी महिला, दलित, आदिवासी, जनजाति, मधेसी, उत्पीडित तथा अपाङ्ग जस्ता समूह केन्द्रित साक्षरता, साक्षरोतर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षालाई अभियानका रुपमा सञ्चालन गर्ने रणनीति लिएको छ। त्यस्तै उल्लेखित लक्षित वर्गको विद्यालय तहदेखि उच्च शिक्षामा भर्ना र निरन्तरताका लागि छात्रवृत्ति शैक्षिक ऋण जस्ता आर्थिक सहुलियत विस्तार गर्ने रणनीति लिएको छ।

क. शिक्षा क्षेत्रमा भएका व्यवस्था तथा शैक्षिक लगानी हुँदाहुँदै पनि दलित बालबालिकाहरु मा.वि.तह सम्म उमेर समुहमा विद्यालय जान किन पछि परेका छ।

ख) विद्यालय नजिक रहेर पनि अन्य समुदाय सँगको तुलनात्मक रुपमा किन सहभागी भैरहेका छैनन।

ग) उनीहरुलाई शैक्षिक अवसरहरु के - के हुन सक्छन।

घ) सहभागिता न्यून हुनाको कारण के हो।

ङ) गरिबी र घरायसी कामको कारणले शैक्षिक स्थिति सुधार हुन नसकेको हो।

च) जातिगत भिन्नताको कारणले यस्तो स्थिति आएको हो।

छ) दलित अभिभावकहरुको शिक्षा प्रति दृष्टिकोण कस्तो छ

"मा.वि. तहमा दलित बालबालिकाको शैक्षिक स्थिति" लाई यस अध्ययनको समस्याको कथनको रुपमा लिइएको छ।

## १.३ अध्ययनको औचित्य

शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले राष्ट्रले जातिय दवावकै कारण दलितहरु शिक्षामा पछि परेका र पारिएका हुनाले उनीहरुलाई विशेष शैक्षिक प्रवन्ध गरी अनिवार्य एवं निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्छ। स्थानीय तहमा, जिल्ला तहमा र राष्ट्रिय तहमा यस्तो काम गर्न सकिन्छ। कोइराला (१९९६) त्यसैगरी सामुदायिक विद्यालयमा निम्न माध्यमिक र माध्यमिक शिक्षाका निम्ति कूल भर्नाको १० प्रतिशत र संस्थागत विदालयको सम्बन्धमा कूल भर्नाका ५ प्रतिशत तोकिएको

लक्षित समूहको लागि निःशूल्क शिक्षा प्रदान गर्न छात्रवृतिको व्यवस्था गरिने छ। यसको अतिरिक्त जेहेन्दार विद्यार्थी छात्रवृत्तिको व्यवस्था पनि गरिने छ। सबैका लागि समान गुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभुत शिक्षाको प्रत्याभुति गर्नु, शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित बनाउनु, सबै तहको शिक्षालाई समता मूलक एवम समावेशी बनाउनु नेपाल सरकारको उद्देश्य रहेको छ। नेपालको सबै जसो क्षेत्रमा दलित समुदाय बसोबास गरेको पाइन्छ। उनीहरु सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, साँस्कृतिक क्षेत्रमा पछाडि परेको देखिन्छ। सरकारी तवरबाट शिक्षाको पहुँचमा ल्याउन विभिन्न औपचारिक तथा अनौपचारीक शैक्षिक कार्यक्रमहरु सञ्चालन भइरहेका छन्। यस अध्ययनले दलित बालबालिकाको भर्ना, उत्तीर्ण र अनित्तीर्ण अवस्था पत्ता लगाइने छ। दलित बालबालिकाको शैक्षिक, आर्थिक, सामाजिक आदि पक्षमा अध्ययन गर्ने हरेक व्यक्ति वा संस्थालाई सहयोग पुगीएको छ। यस अध्ययनको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

दलित बालबालिकाको माध्यमिक विद्यालय तहमा भर्ना, कक्षा उपस्थितिको अवस्था, कक्षा उतीर्ण, अनुतीर्ण जस्ता अवस्थाको विवरणले शिक्षा योजनाकारलाई योजना निर्माण गर्न सहयोग गरिएको छ। नीतिनिर्माताहरुको लागी दलितको शिक्षामा पँहुच बृद्धि गर्ने नीति निर्माण गर्न सहयोग गरिएको छ। सवैका लागि शिक्षा र विद्यालय क्षेत्र सुधार योजना सञ्चालन तथा कार्यान्वयनका लागि सूचनाहरु उपलब्ध गराउन सहयोग गरिएको छ। विद्यालय तहमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको वातावरण तयार गर्न उपयोगी रहने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस शोध अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छनः-

(क) दलित विद्यार्थीहरुको शैक्षिक स्थिति पत्ता लगाउनु।

(ख) दलित विद्यार्थीहरुको शैक्षिक समस्याहरुको पहिचान गर्नु।

(ग) दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्न

दलित विद्यार्थीहरुको माध्यमिक विद्यालयमा शैक्षिक स्थितिको बारेमा अध्ययन गर्न अनुसन्धानात्मक प्रश्नहरुको महत्वपूर्ण स्थान रहेको हुन्छ। यसै सन्दर्भमा बालबालिकाको शैक्षिक

स्थिति सम्बन्धी स्रोत व्यक्ति, अध्यक्ष, प्रधानाध्यापक,/ प्रचार्य, शिक्षक, अभिभावक र विद्यार्थीबाट धारणा बुझ्न र अध्ययन प्रतिवेदन तयार गर्न निम्नानुसारको अनुसन्धानात्मक प्रश्नहरु तयार गरिएको छ ।

(क) मा. वि. तहमा दलित विद्यार्थीको भर्ना कति छ ?

(ख) दलित विद्यार्थीको विद्यालयमा उपस्थिति कस्तो छ ?

(ग) गैर दलितको तुलनामा दलित विद्यार्थीको भर्ना कस्तो छ ?

(घ) दलित विद्यार्थीले शिक्षामा अन्य विद्यार्थी सरह समान अवसर पाएका छन ?

(ङ) अभिभावकहरु आफ्ना छोराछोरीलाई विद्यालय पठाउने बारेमा कस्तो धारणा राख्दछन् ?

(च) दलित विद्यार्थीको उत्तीर्ण प्रतिशत कसरी बृद्धि गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस शोधको अध्ययन कार्यलाई निश्चित क्षेत्रमा सिमाङ्कन गरिएको छ । यसका लागि सिरहा जिल्लाको सुखीपुर स्रोत केन्द्र अन्तर्गत रहेका ५ वटा सामुदायिक श्री जनता उच्च मा.वि. दहिपौडी, श्री ज.उ.मा.वि. सुखीपुर, श्री ज.चे.जि.उ.मा.वि. कविलासी , श्री रा.ज.उ.मा.वि. छजना, र र.ज.मा.वि.वलही मा.वि.तहका दलित बिद्यार्थीहरुमा केन्द्रित गरिएको छ । दलित विद्यार्थीको शैक्षिक स्थिति, समस्या र उपलब्धि वृद्धि गर्ने उपायको अध्ययन गरिएको छ ।

## १.७ शाब्दिक पदावलीको परिभाषा

**दलित :** सामाजिक रुपले हेपिएको, चेपिएको शैक्षिक रुपले पिछडिएको, आर्थिक रुपले कमजोर, राजनैतिकरुपले शक्तिहिन समुहलाई बुझाउन प्रयोग गरिने साझा राजनैतिक शब्द हो ।

**गैर दलित** : दलित भनि तोकिएका जात वाहेकका अन्य जात जातिलाई जनाउँछ ।

**घरानियाँ** : समाजमा माथिल्लो ठाउँ ओगटेर बसेका शक्तिशाली तथा अल्पसङ्ख्यक समूहलाई जनाउँछ । अरु समूहलाई दबाउन सकेकै कारणले शक्तिशाली बन्न पुगेका यीनीहरुको पहुँच राज्यको केन्द्र देखि स्थानिय तहसम्म फैलिएको हुन्छ (पराजुली,२०६३:१३२)

**जातीय छुवाछुत** : नेपाली समाजमा अछुत जात, छुन पनि नहुने जात भनि भेदभाव गर्ने गरिएको समूदाय वा नयाँ मुलुकी ऐन, (२०२०) लागु हुनु भन्दा अघि मुलुकी ऐनमा अछुत जात

भनी किटान गरिएको समुदायलाई कुनै पनि प्रकारको भेदभावपूर्ण दृष्टिले गरिएको व्यवहारलाई जातीय छुवाछुत जनाउँछ (पाण्डेय, २०६४: १४८ )।

**पारिवारिक वातावरण**: परिवारको आकार, चालचलन, रीतिरिवाज अवस्था समेतलाई बुझाउँछ।

**लक्षित वर्ग** : विशेष गरी महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित तथा अपाङ्ग लगायत द्वन्द्ध प्रभावित समूह समेतलाई बुझाउँछ।

**शैक्षिक उपलब्धि**: निश्चित समयको शिक्षण सिकाई क्रियाकलाप पछि विद्यार्थीहरुले प्राप्त गरेको शैक्षिक अनुभवलाई जनाउछ। यो परिमाणात्मक र गुणात्मक रुपमा हुन्छ।

**सामुदायिक विद्यालय** : नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती पाउने विद्यालयलाई जनाउँछ।

# परिच्छेद : दूई
# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

धामी (२०६५) का अनुसार बालबालिकाको चौतर्फी विकासमा शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ। शिक्षा प्राप्ति सबै बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने कुरामा विश्वका सबै मूलुकहरु एकमत छन् र शिक्षा प्राप्तीको अधिकारलाई सुनिश्चित गर्नु सबै पक्षको र राष्ट्रहरुको दायित्व भएको कुरालाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले दायित्व भएको कुरालाई मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरुले स्पष्ट उल्लेख गरेका छन्। खास गरिकन आधारभूत शिक्षालाई सबै बालबालिकाहरुको पहूँच भित्र पु¥याउन अनिवार्य प्राथमिक शिक्षाको नीति लागू गर्ने स्थानीय सरकारलाई प्रोत्साहित गर्ने र सो का निमित्त थप सहयोग उपलब्ध गराउने व्यवस्थाका साथै सुविधा विहिन अभिभावकहरुलाई आफ्ना बालबालिकाहरु विद्यालय पठाउन उत्प्रेरित गर्ने रणनीति प्रस्ताव गरेको छ। गुणस्तरीय शिक्षाका लागि आधारभूत भौतिक पूर्वाधारको विकास हुन् नसकेको, विद्यार्थी संख्याको अनुपातमा शिक्षक आपूर्ति गर्न न सकिएको, महिला, दलित, अपाङ्ग, पिछडिएका वर्ग, जनजाति, मधेशी आदिलाई शिक्षाको मूल प्रवाहमा पूर्ण रुपमा समावेश गर्न नसकिएको अवस्था छ। यसका लागि समाजमा विद्यमान विभेदकारी व्यवस्थालाई निरुत्साहित गर्दै समाजमा पछि पारिएका तथा नाजूक अवस्थामा बाँचीरहेका बालवालिकाको शिक्षा प्राप्तीको अधिकारलाई सुनिश्चित गर्न सकिन्छ। विशेष गरी बालिका , दलित, जनजाति, विस्थापित, पीडित, अपाङ्ग बालबालिकालाई लक्षित समूहको पहिलो प्राथमिकता राखि सेवा र सुविधा उपलब्ध गराइनु पर्दछ। बालवालिकाको शिक्षा प्राप्तीको अधिकारलाई सुनिश्चित गर्ने सम्बन्धमा प्रस्ताव गरेका छन्। उनका अनुसार शिक्षा प्राप्तीका अवसरहरु सहजै उपलब्ध हुने त्यस्ता अवसरहरुमा सबै बालबालिकाको पहूँच पुग्ने, आर्जित शिक्षा सर्वस्वीकार्य हुने तथा शिक्षाले हरेक बालबालिकाको रुची र सिकाई आवश्यकतालाई समायोजन गर्ने हो भने बालवालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सम्मान, संरक्षण उपलब्ध र परिपूर्ति गर्ने प्रकृतिको विकास गरेमा मात्र बालवालिकाहरुलाई शिक्षाको अधिकार उपभोग गर्न सहयोग पुग्ने हुन्छ।

नेपालमा दलित शब्द निकै प्रचलनमा आएको छ । यहाँ दलित भनेको त्यो व्यक्ति वा समूदाय हो जो उपेक्षित छ । यसै गरी दक्षिण एशियाको सन्दर्भमा दलित भन्नाले आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक रुपमा सिमान्तकृत अवस्थामा रहेका व्यक्ति वा समुदाय नै हुन् । कमला, २००० का अनुसार जातिगत भेदभाव र छुवाछुत खेपेका सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक धार्मिक रुपमा अत्यन्त पछाडी परेका समुदाय र मानवीय अस्तित्व र सामाजिक न्यायबाट बञ्चित भएका समुदाय नै दलित समुदाय हो । यस अर्न्तगत २२ वटा जातिलाई समावेश गरिएको छ । जसमध्ये पाँचवटा पहाडी मूल ( विश्वकर्मा, परियार, दमाई, सार्की, वादी र गन्दर्भ ) बाट र १७ वटा मधेशी मूलबाट (वाँतर, चमार, चिडिमार, डोम, दुसाध, धोवी, रजक , हल्खोर, खत्वे , मुसहर, तत्मा , खटिक, सतवरीया, सतभंग, कोरी, पत्थरकट्टा, ककहिया, कलर ) समावेश गरिएका छन् । यो दलित समुदाय कूल जनसंख्याको १२.१३% रहेको छ जसमध्ये ४५% मधेशी दलितको जनसंख्या रहेको छ । दलित संग सम्बन्धित प्रोत्साहित कार्यक्रम प्रभावकारी नभएको , छात्रवृति कोटा वितरणको दुरुपयोग भएको, एउटै जिल्ला भित्रका विद्यालयहरुमा पनि संख्लाई आधार मानी अनुपातिक हिसाबले कोटा वितरण नगरेको तथा कोटा वितरणमा एकरुपता नदेखिएको अवस्था औल्याएको छ ।

सेरिड (१९९८) दास्रो फेज अनुसार छात्रवृति कार्यक्रम संग सम्बन्धित जि.शि.का. , श्रोत केन्द्र र विद्यालयका अभिलेखहरु विश्लेषण गरिएको हुन्छ । जि.शि.का.का. कर्मचारी , गा.वि.स.का पदाधिकारी , शिक्षक, विद्यार्थी र अभिभावक लक्षित समूहसंग छलफल गरिएको छ तरपनि छात्र भर्ना बढ्दै गएको , दलित छात्रवृति कार्यक्रमले दलित भर्ना प्रतिशत ८०.५ पुगेको छात्रवृतिले दलित भर्ना पहूँचमा उल्लेख्य वृद्धि गर्न नसकेको, छात्रवृति कार्यक्रम लक्षित समूह मा पुग्न नसकेको, खास गरी तराईका जिल्लाहरुमा छात्रवृति कार्यक्रमको दुरुपयोग भएको, दलित छात्रवृति र प्राथमिक विद्यालयका सबैका लागि छात्रवृति कोटाहरु अप्रयाप्त भएकाले छात्रवृति वितरण प्रकृयामा समस्या सृजना भएको, अनुगमन पनि ज्यादै न्यून हुने गरेको पाइन्छ ।

दाहाल, २०४९ अनुसार वैदिक कालमा खाने, पिउने र छुवाछुत सम्वन्धमा कुनै कट्टर नियम थिएन । ब्रहमण, क्षेत्री, वैश्य र शुद्र कर्मसँग सम्वन्ध राखी चार वर्णमा विभाजन गरिएको हो । फेरी जातिय श्रेणीलाई ईश्वरीय रचना मान्ने सिद्धान्तमा विराट पुरुष परमात्माको मुखवाट

ब्राह्मण, हातवाट क्षेत्री, जाङ् वाट वैश्य र पाउवाट शुद्रको उत्पत्ति भएको व्याख्या गरिएको छ । दण्डको किसिम तोक्ने र सजाय घटवढ गर्ने आधार अभियुक्तको जातमा निर्भर रहने उल्लेख गरिएको छ । जातीय पृथकताको आधारमा दण्डको पृथकता हुने मान्यता रहेकोले न्यायिक आधार जातियता हो भन्ने स्पष्ट हुन्छ । अधिकांश दण्ड सजायहरु एकै किसिमको अपराधमा पनि उच्च जातको व्यक्तिलाई भन्दा तल्लो जातको व्यक्तिलाई अपेक्षाकृत कठोर दण्ड दिइन्थ्यो भन्ने प्रष्ट पारिएको छ । तर कुनै - कुनै अपराधमा माथिल्लो जातकोले बढी सजाय पाउने व्यवस्था भएको उल्लेख गरिएको छ । सुरुमा कामको आधारमा वर्ण विभाजन गरिए पनि जातिय भावना र विभेद ल्याउने कार्यमा ग्रन्थ, शास्त्र र स्मृतिहरुको भूमिका रहेको देखिन्छ । जातीय धर्महरु अन्तर्गत शुद्रको काम सेवा गर्ने, शुद्रको उत्पत्ति इश्वरको पाँउवाट भएको र दण्ड सजाय गर्दा तल्लो जातिले बढी दण्ड पाउन व्यवस्था भएको उल्लेख गरिएको छ ।

न्यौपाने, (२०६२) अनुसार दलितहरु आर्थिक रुपमा पिछडिएको, शैक्षिक अवस्था कमजोर, स्वास्थ्यको अवस्था कमजोर रहेको उल्लेख गरिनेछ । वर्तमान अवस्थामा पनि उनीहरु परम्परागत जीवन विताइ रहेकै कारण उनीहरु हरेकपक्षमा पछि परेको कूरा लेखिएको छ । यसै गरी खडका, (२०६३) अनुसार नेपाली समाजको निर्माण जातीय भऱ्याङ्मा आधारित रहेर बनेको छ । त्यही संरचनाका आधारमा विकासका गतिविधि आगाडि बढेकोले त्यसको प्रभाव दलितमा नपरेको भनिएको छ । नेपालको विकासको मोडेल पाश्चात्य मुलुकको अनुसरण गर्दै अगाडि बढेको र साँस्कृतिक प्रधानता देखा परेकोले दलित जातिको शिक्षालाई दबाएको उल्लेख गरिएको छ । नेपालको विकास मोडेल नेपाली सँस्कृति अनुसार बनाएको जात सँग सुहाँउदो भएकै कारण दलित समूदाय र जनजातिलाई वेवास्ता गरेको बताइएको छ । उपल्लो जातको मानिसले औपचारीक शिक्षा प्राप्त गरे पनि यसलाई बुद्धि विवेक तिखार्न प्रयोग नगरी परमपरागत व्यवहारलाई धर्मको नाममा निरन्तरता दिदै आएकोले अझ समस्या वन्दै गएको लेखिएको छ । दलित विकासका लागि दलित र गैरदलित. दुबै समूहले एक अर्कोको सीपको कदर गरी शिक्षाको विकास गर्नुपर्ने बताइएको छ । दलितको विकासको लागि उनीहरुको क्षमतालाई समय अनुसार विकसित विज्ञानसँग जोडेर परिमार्जन गर्दै लैजाने, उनीहरुको सामाजिक ढाँचा र आत्मपरक

चिन्तनको अध्ययन गरेर विकासका गतिविधिहरु अगाडि बढाउने र गैर दलित तथा दलित समुदायले साझेदारीका साथ काम गरी सामुहिक भावनाको विकास गर्नु पर्ने उल्लेख गरिएको छ। पराजुली, २०६३ अनुसार नेपाली स्कुलमा दलितको वहिष्कार र विभेद हुनुमा नेपाली समाज र नेपालको शिक्षा प्रणाली जिम्मेवार छ। नेपालको शिक्षा प्रणाली घरानियाँहरुको नियन्त्रण र अनुकुलमा विकास गराईरहेका छन। सरकारी सेवा प्रवेश गर्ने माध्यम र शासन व्यवस्थासँग निकट रहन तथा सुविधा, अधिकार, साधन र स्रोत माथि आफ्नो पहुँच कायम राखिराख्न घरानियाँहरु नेपालका विद्यालयहरु आफु अनुकुल विकास गराइरहेका छन् भन्ने उल्लेख गरिएको छ। समाजमा चलेको संघर्षका कारण परिवर्तनहरु देखा पर्दछन। त्यस्ता परिवर्तनहरु दलितहरुका सम्वन्धमा अत्यन्त ढिलो हुने र घरानियाँहरुको चतुरोपनको कारण आफ्नै फाइदामा प्रयोग गरी अनुकुल बनाउदै लगेका छन् जसको कारण दलित दमन र विभेदको परम्पराले लामो इतिहाँस बनाउन सकेको हो भनिएको छ। राज्यको साधन, स्रोत तथा शक्तिको असमान वितरण प्रणाली र घरानियाँहरुले नियन्त्रण राखिरहने प्रयास नै नेपाली स्कूलमा दलित वहिष्कार र विभेदको मूलभूत कारण हो भनिएको छ।

विश्वकर्मा (२०६३) अनुसार दलितहरुको शिक्षामा पहुँच वृद्धि गर्नका लागी विभिन्न छात्रवृत्ति (प्राथमिक, माध्यमिक, उच्च शिक्षा) को व्यवस्था गरिएको छ। पूर्व सेवाकालीन तालिम संचालन तथा अवसरहरु प्रदान गरिएका छन्। तर पनि कमजोर आर्थिक अवस्था, जातिय छुवाछुत र सामाजिक विभेद, भौगोलिक वनावट अभिभावकहरुको चेतनास्तर कमी, विभेदपुर्ण पाठ्यक्रम, नीति निर्माण तहमा दलित प्रतिनिधित्वको अभाव, विभेदकारी राज्य संयन्त्र र शिक्षित वेरोजगार जस्ता समस्याहरुको कारण पहुँच पुग्न नसकेको उल्लेख गरिएको छ। यसका लागि प्रयाप्त छात्रवृत्ति उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्रीको व्यवस्था आर्थिक आय आर्जनमा सहयोग विभेदपुर्ण पाठ्यक्रम सूधार गर्नु पर्ने सुझावहरु समेत राखिएको छ।

पाण्डेय (२०६४ ) अनुसार जातीय छुवाछुत प्रथाको शुरुवात धर्मशास्त्र काल देखि शुरु भई आएको र यसले नेपालमा लिच्छवीकालमा जरो गाडी मल्लकालमा मलजल गर्ने कार्यगरेको छ। राणाकालको मूलूकी ऐनले कानूनी रुपमा बैघानिक दिए र कडाइका साथ लागु गरे पछि दलितहरु अरु बढी उत्पीडन मा परेको लेखिएको छ। हिन्दु धर्मको आधारमा पनि जातीय विभेद भएको

कारण  धर्म निरपेक्ष राष्ट्र भएमा विभेद कम हुन सक्ने वताएको छ । अर्कातर्फ अशिक्षाकै कारण दलित दलितहरु विच कायम भएको छुवाछुत दलित भित्रको एउटा समस्याको रुपमा रहेको छ र दलितहरुको आफ्नो थर जात लुकाउँन थालेकोले सङ्क्रमणको खतरा र पहचानका सङ्कट हुन सक्ने उल्लेख गरिएको छ । दलितहरुलाई गाउँ देखि टाढा राखी सामाजिक वहिस्कार गरिएको हुन्छ । उनीहरुको धेरै जसो शोषण समाजको मुलधारबाट अलग राखेर गरिएको हुन्छ । आर्थिक अभाव र गरिबीकै कारण राम्रो खानपान र सरसफाईमा ध्यान दिइनु यिनीहरुको वाध्यता हो । छुवाछुत प्रथा समाप्त पार्न र दलितलाई शिक्षाको मुलधारमा समाहित गर्न सामाजिक वन्धनहरु तोड्दै अगाडी वढ्न सक्ने दृढ निश्चय नभएसम्म कानूनहरु वनाएर मात्र सफलता प्राप्त हुदैन भन्ने कुरा उजागर गरिएको छ ।

अधिकारी (२०६५ ) अनुसार दलित र गैर दलित विद्यार्थीको शैक्षिक उपलब्धि तुलना गर्दा दलितको उपलब्धि कम देखिएको छ । यसमा प्रभाव पार्ने कारक तत्व मध्ये दलितहरुको कमजोर आर्थिक अवस्था, परम्परागत पेशा तथा सोचाइको निरन्तरता, अभिभावकको अशिक्षा, पारिवारिक वातावरण मुख्य रुपमा रहेका छन् । यी तत्वहरुको प्रभाव कम गरी उपलब्धि बृद्धि गर्न विद्यालयले विद्यार्थीहरुलाई उत्प्रेरित गर्नु पर्छ । अभिभावकहरुका लागि आयमुलक तालिम दिनु पर्ने, निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने, विद्यार्थी तथा शिक्षक बीचको सम्बन्ध सुमधुर बनाउनु पर्ने सुझावहरु उल्लेख गरिएको छ ।

काफ्ले ढकाल, तथा अधिकारी (२०६५ ) का अनुसार दलितहरु उच्च जातका वस्तीहरु बीच बस्न नहुने , छुट्टै ठाउँमा बस्नुपर्ने र उच्च ठानिने जातजातिबाट सदा उपेक्षित भइरहनु पर्ने, दलित जातजातिका बालबालिकाहरु सार्वजानिक विद्यालयहरुमा आफ्नै सहपाठीहरुबाट हेपिनु जस्ता समाजमा रहेका जातीय श्रेणी बद्धताले सबैभन्दा बढी शोषण र दमन दलित जातिलाई गरेको छ । त्यस्तै सामाजिक दृष्टिकोणले उपेक्षित मात्र नभएर राजनैतिक, शैक्षिक, आर्थिक सामाजिक पहुँचको आयाम पनि यिनीहरुको ज्यादै न्यून रहेको छ । कहाली लाग्दो गरिबी, आर्थिक , पारिवारिक सङ्ख्या पनि ठूलो हुने तथा अछुत भनिने र माथिल्लो जात मानिने बीचको साक्षरता प्रतिशत र औसत आयु तुलना गर्दा दलितको कम हुनुको मुख्य कारण सामाजिक विभेद, आर्थिक शोषण र असमानतामा कमी आउन नसक्नु हो ।

शर्मा पौड्याल (२०६६ ) अनुसार  वैदिक कालमा सामाजिक श्रम विभाजनको तात्कालिक आवश्यकताले वर्णव्यवस्था जन्माएको हो । तर यसलाई सामन्ती व्यवस्था को उदय सँगसँगै शासक वर्गले छुवाछुत जस्तो कलङ्कमा पुऱ्याइएको हो । भगवानको सृष्टि र आदेशमा राखिएको हो भन्ने सामाजिक भेदभाव, छुवाछुत, दमन, शोषण र उत्पीडनको पछाडि कुनै सत्यता छैन यो त केवल वर्ग स्वार्थ, जातीय अभिमाान, जातीय घृणा, अन्धविश्वास र सामाजिक अत्याचारको जगमा भएको हो भन्ने उल्लेख गरिएको छ । नेपाली समाजको भौतिक, साँस्कृतिक निर्माणमा दलितहरुको अतुलनीय योगदान रहे पनि उनीहरु नै समाज र राज्यका अङ्ग वन्नबाट समेत उपेक्षित भएको कुरा स्पष्ट पारिएको छ । श्रम एवं सीप सँग जोडिएका निर्माण कार्यका स्रष्टा र चालक व्यक्तिहरुलाई समाज र राज्यले जीवनको मूल्य र प्रतिष्ठा दिन तयार नभएको कुरा देखाइएको छ । समाजमा भाषा र संस्कृति हस्तान्तरण गर्दा दलितलाई उपेक्षा गर्ने किसिमका उखानको प्रयोग, निन्दा सुचक नाम, हिन्दु धर्मको आडमा गरिएका विभेद, कुनै समयमा राज्यद्धारा लागु गरिएको ऐन, कानून नेपाली समाज, यसमा निर्माण भइरहेको वर्ण संरचना, वर्ग सत्ता र वर्ग स्वार्थ नै दलितहरु माथि गरिने विभेदको मूख्य कारण भएको छ ।

समग्रहमा, माथि उल्लेख गरिएका अध्ययनहरुबाट जातीय छुवाछुत र विभेद धार्मिक, साँस्कृतिक, सामाजिक सवै रुपवाट परापूर्वकालदेखि चलिआएको स्पष्ट हुन्छ । यो सजिलै सँग हट्ने अवस्थामा छैन । दलितहरुको मासिकतामा कमजोरीपन र पछ्यौटेपनको प्रभाव परिहेको छ । जनचेतनाको स्तर वृद्धि हुन वातावरण वनिरहेको छैन । विभिन्न शैक्षिक अवसरहरुको योजना, नीति निर्माण कार्यान्वयन गरे पनि वास्तविक गरिबीको रेखामुनि रहेका दलितहरु लाभान्वित हुन सकिरहेका छैनन् भन्ने देखाएको छ  । यस सोध पत्रका अध्ययनकर्ताका लागि पूर्व साहित्यको अध्ययन कार्यले अध्ययनको पृष्ठभूमी तयार गर्न, अध्ययनको क्षेत्र किटान गर्न,  तथ्याङ्क संकलन तथा विश्लेषण गरी निष्कर्ष निकाल्न सहयोग पुऱ्याएको छ ।

## २.२.   सैद्धान्तिक खाका

यस अध्ययनवाट प्राप्त समस्याहरुलाई निराकरन गर्नका लागि प्रयोग गर्न सकिने सिद्धान्तको छनौटलाई सैद्धान्तिक खाकाको रुपमा लिइनेछ । तथ्याङ्कको व्याख्या र विश्लेषणबाट प्राप्त

समस्याको समाधानका लागि सैद्धान्तिक आधार प्रदान गर्न निम्न सिद्धान्तहरुको चयन गरिएको छ ।

## मानव सम्बन्ध विकास सिद्धान्त

कुनै पनि सामाजिक कार्यमा स्तरीयता तथा प्रभावकारितामा मानव सम्बन्ध विकास सिद्धान्तको महत्वपूर्ण भूमिका हुन्छ । यस सिद्धान्तमा जर्ज इल्टन मायोका अनुसार उद्देश्य अनुरुप उपलब्धि प्राप्त गर्न मानवीय सम्बन्धको स्थापनाले महत्वपूर्ण भूमिका निर्माण गर्दछ । मानव सम्बन्धको स्थापनाबाट मानिसमा रहेका मनमुटाव इर्ष्या, भेदभाव, झगडा जस्ता व्यवहारहरु तथा भावनाहरु मनोवैज्ञानिक ढाँचाबाट समाप्ति गर्नुपर्दछ । मानिसहरुमा जति धेरै सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै धेरै काममा स्तरीयता तथा प्रभावकारिता आउन सक्छ । यस सिद्धान्तमा हरेक व्यक्तिमा दक्षता, क्षमता सहभागिता वृद्धि गर्न मानिसलाई दया, माया, ममता, स्नेह, सम्मान र सत्कार आवश्यकता पर्दछ ।

मेरी पार्कर फोलेटका अनुसार मानव सम्बन्धको विकास जहिले पनि कार्यान्वयणको प्रारम्भिक अवस्थाबाट गर्नु पर्दछ । यसका लागि व्यक्तिले नजानेका, नबुझेका, शंका लागेका, स्पष्ट नभएका कुराहरु प्रष्ट पारी मानवीय सम्बन्ध बढाउन सकिन्छ । मानिसमा आत्मीय सम्बन्धका कारण काम गर्ने उत्प्रेरणा जाग्दछ र सहभागिता वृद्धि भई क्षमतामा बृद्धि गर्न सकिन्छ । उपलब्ध साधन र स्रोतलाई सामूहिक उद्देश्य प्राप्तिका लागि एकीकृत गर्न सके मानव सम्बन्धको विकास हुन्छ जसले उपलब्धिमा बृद्धि हुन्छ भनिएको छ । आधुनिकता संगै यान्त्रिक ऐक्यवद्धता र भौतिक ऐक्यवद्धतामा वदल्न खोजे यसका आधिकारिक सम्बन्धले गर्दा सामाजिक अन्याय हुन्छ । अन्यायको श्रोत शक्तिको पहूँच हो । भौतिक शक्तिले व्यक्ति वा समाज अन्यायी बन्दै जान्छ । धन हुनेले निर्धनलाई अन्याय गर्छ। उपल्लो जात भनिनेले तल्लो जात भनिनेलाई अन्याय गर्छ । मानसिक श्रमले शारिरीक श्रम गर्नेलाई अन्याय गर्छ । समाजमा सामाजिक बुर्जुवा पनि हुन्छ । शैक्षिक बुर्जुवा पनि हुन्छ । अन्यायमा पर्ने चाही सबै खालको सर्वहारा हुन्छ । आर्थिक सर्वहारा , समाजिक सर्वहारा र शैक्षिक सर्वहारा जसले गर्दा समाजमा तीन तत्व उत्पन्न गर्दछ । कार्यमूलक, आधिकारिक र साँस्कृतिक । यी सबैको प्रभावबाट समाजमा असमानता भईरहन्छ र असमानताले गर्दा अन्याय भई रहन्छ । यी सबै कारणहरुले पूर्वी समाजले समानताको संरचना बनाएन र

मानव अधिकारको  दृष्टिकोणमा असमान व्यवहार गरिरह्यो र यसको शैक्षिक परिणति रह्यो असमान शिक्षा/ असमान शिक्षाको अवसर र पहाड, तराईका ब्राह्मण, क्षेत्रीका समुदायका ६०% साक्षर हुँदा दलितको मुसहर जातिका ५% जति मात्र साक्षर हुनु राष्ट्रिय साक्षरता दर ५७ % पुग्दा दलितको साक्षरता दर १०% भन्दा माथि नजानु जातिय अन्यायले उब्जेको शैक्षिक असर हो । उक्त सिद्धान्तले दलित बालबालिका तथा दलितहरुको शैक्षिक स्थितिसँग सम्बन्ध राख्दछ । दलित र उच्च जातहरु बीच छुवाछुत प्रथा कायमै रहनु, विद्यालयमा आफनो साथीहरु समेत बाट उपेक्षित हुनु, सामाजिक पहुँच न्यून हुनुले मानव सम्बन्धमा नकारात्मक प्रभाव पार्दछ । यसका साथै सामाजिक दृष्टिले उपेक्षित मात्र नभएर मानवीय आधारमा पनि उपेक्षित भइरहेकोले शैक्षिक स्थितिमा नकारात्मक प्रभाव पारेको हुन सक्छ ।

## २.३ साहित्य पुनरावलोकनको उपायदेयता

मानव विकासका लागि सबैभन्दा महत्वपूर्ण पक्ष शिक्षा हो । शिक्षालाई आर्थिक, समाजिक उन्नती पाउनका लागि आवश्यक जीवनोपयोगी सीप, ज्ञान तथा अनुभव बढाउनको लागि राष्ट्रिय तथा स्थानीय विशेष उपागमहरुको खोजी कार्यमा नै विभिन्न योजना, कार्याक्रम र परियोजना शुरु गरिएको छ । कार्ल माक्सले त समाजको कुनै क्षेत्रको तथ्याङ्क भन्दा आन्तरिक संरचनाले प्रतिविम्वित गर्छ अर्थात समाजमा अर्थतन्त्र नै व्यवस्थाको निर्धारक हुन्छ । अर्थत्रन्त्रले नै वर्ग निर्धारण गरेर राजनैतिक, आर्थिक र वैचारिक संघर्षलाई विभाजन समेत गर्दछ । शिक्षा क्षेत्रमा पनि बैचारिक संघर्षको प्रभाव पर्नु स्वभाविक नै देखिन्छ त्यसलाई अन्त गर्न र शिक्षामा समानता अपनाउन बैचारिक परिवर्तन गर्न सक्नु पर्दछ । सम्पति नै अन्यायको कारण भएकोले शिक्षा क्षेत्रमा छात्रवृति प्रदान गरेर बैचारिक समानता ल्याउन सकिन्छ । द्धन्दको अन्त हुन्छ । वर्ग संघर्षमा कमी हुन्छ र समाजमा व्याप्त सर्वहारा वर्गले राहत पाउँछ। दुर्खिमको मतानुसार सामाजिक संरचना, सामाजिक संस्थाहरु र सामाजिक समूहहरु समाजमा एक अर्काको बीच समन्वयको अभावमा बाँच्न सक्दैन भन्ने सन्दर्भ दृष्टिगत गरी शिक्षामा सहभागिताको लागि दलित वारे अध्ययन गर्नु नै शैक्षिक उपादेयता देखिन्छ । समाजमा भौतिक शक्तिका कारण अथवा शैक्षिक बुर्जुवाको कारण शिक्षा भित्रको असमानतालाई शिक्षा प्राप्तीमा सबै बालवालिकाको नैसर्गिक अधिकार माथि प्रकाश पार्दै सुविधा विहिन विद्यार्थीहरुलाई विद्यालय पठाउन अभिप्रेरित गर्न

अनिवार्य उच्च मा.वि.शिक्षा नीति लागु गर्न स्थानीय सरकारलाई प्रोत्साहित गर्न र सो को निमित्त थप सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने आधारभूत अधिकारको रुपमा लिएका छन् । जसलाई अन्तराष्ट्रिय दस्तावेजहरुले प्राथमिकताका साथ प्रस्तुत गरेका छन भने सवैका लागि तथा सहस्राव्दी विकासका लक्ष्य लिएका छन जसवाट नै शैक्षणिक वातावरणको श्रृजना गरी वास्तविक रुपमा सम्मानको रुपान्तरण गर्न सकिन्छ सुविधाविहिन र पछाडी पारिएका वर्ग र समुदायका विद्यार्थीहरु विशेष गरी वालिका , दलित, जनजाती, विस्थापित पिडीत, अपाँङ्ग विद्यार्थीहरुलाई लक्षीत समूह पहिलो प्राथमिकतामा राखी सेवा र सुविधा उपलब्ध गराउनु पर्छ र समाजमा विद्यमान विभेदकारी व्यवस्थालाई निरुत्साहित गर्दै समाजमा पछि परिएका तथा नाजुक अवस्थामा वाँचिरहेका विद्यार्थीहरुको शिक्षा प्रांप्तिको अधिकारलाई सुनिश्चित गर्न सकिन्छ । बैज्ञानिक शैक्षिक कार्यक्रम सञ्चालन हुन सकेको छैन । अनुसन्धान प्रतिवेदनका लागि यी पूर्व साहित्यहरुको समिक्षा व पूर्णावलोकन गर्नाले सम्बन्धित विषयको जानकारी लिन, नया विषय वस्तुको खोज गर्न तथा विषय वस्तुको गहिराईमा पुग्न विभिन्न पत्र पत्रिकाको लेख, रचनाहरुको अध्ययन गरी त्यसको सारांशलाई यस शीर्षकमा अध्ययन गर्न थप सहयोग पुग्ने छ । र यसलाई आफ्नो अध्ययनमा उल्लेख गर्दै नयाँ अर्थपूर्ण र समस्या केन्द्रित वनाई निश्कर्षमा पुग्नु नै यस अध्ययनको उपादेयता छ । सम्बन्धित साहित्यको पुनरावलोकनले यस अध्ययनलाई सङगठित गर्न सहयोग गरेको छ । दलितसँग सम्बन्धित विभिन्न साहित्यको अध्ययनवाट दलित बालबालिकाको शैक्षिक स्थिति अध्ययनको लागि सैद्धान्तिक खाका तयार गरी अध्ययनलाई सहि दिसा तर्फ डोऱ्याउन उपयोगी हुनेछ । पूर्व अनुसन्धान तथा लेखहरुवाट दलित विद्यार्थीको शैक्षिक स्थिति र यससँग सम्वन्धित समस्याहरु अध्ययन गर्नका लागि क्षेत्र किटान गर्न सहयोग मिलेको छ । समस्याहरु पत्तालगाई त्यसको न्यूनीकरण गरी सकारात्मक प्रभाव देखाउन निश्चित सिद्धान्त तयार गरी अध्ययन अगाडि बढाउन सहयोगी हुने छ ।

यस शोधपत्रको अध्ययनकर्तालाई सम्वन्धित साहित्यको अध्ययन कार्यले अध्ययनको पृष्ठभूमि तयार गर्न, अध्ययनको क्षेत्र किटान गर्न, तथ्याङ्क सङकलन गर्न उपयोगि भएको छ । सङ्कलित तथ्याङ्कको तालिकीकरण व्याख्या र विश्लेषण निकाल्न मार्गदर्शनको रुपमा महत्वपूर्ण सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि तथा प्रक्रिया

शैक्षिक स्थिति अध्ययनकालागि प्राप्त गरिएका तथ्याङ्क र सूचनाहरुको गुणात्मक र संख्यात्मकरुपमा व्याख्या विश्लेशन गर्ने प्रयोग गरिने प्रकियानै अध्ययन विधि हो ।

मा.वि. तहमा दलित विद्यार्थीको शैक्षिक स्थिति अध्ययन गर्न यो शोधकार्य गरिएको छ । यस विषय सँग सम्बन्धित प्राप्त तथ्याङ्क र सूचनाहरु गुणात्मक र सङ्ख्यात्मक रुपमा व्याख्या विश्लेषण गरिएको । यस परिच्छेदमा अनुसन्धान ढाँचा, जनसङ्खया, नमुना छनौट प्रकृया, तथ्याङ्क सङ्कलनका साधन र स्रोतहरु, सङ्कलन र विश्लेषण प्रक्रियाको वारेमा उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस सोधकार्यमा पूर्णता दिनका लागि गुणात्मक तथा परिमाणात्मक गरी मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । निर्धारित उद्देश्य प्राप्तिको लागि तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ता प्रश्नावली प्रयोग गरिएको छ । जसवाट प्राप्त सूचना तथा तथ्याङ्कको यथार्तालाई तार्किक विधि द्धारा विश्लेषण गरी गुणात्मक रुपमा प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रमा प्राप्त विद्यार्थी सङ्ख्या, उपस्थिति, उतीर्ण जस्ता तथ्याङ्कलाई सङ्ख्यात्मक रुपमा तुलना गरिएको छ ।

## ३.२ नमुना छनोट

अध्ययन कार्यमा सम्पूर्ण जनसख्याको अध्ययन र विषलेशण गर्न कठिन हुने भएकाले आफनो अध्ययन कार्यलाई सरल बनाउनका लागि जनसख्या मध्येबाट नमुना छनोट गरिएको छ । सिरहा जिल्लाको सदरमुकाम सिरहाबाट १६ कि.मि. टाढा पूर्वोतर क्षेत्रमा सुखीपुर श्रोत केन्द्र रहेको छ । यस श्रोतकेन्द्रमा प्रा.वि.२२ , नि.मा.वि. ३ , मा.वि. १ र उच्च मा.वि. ६ गरि जम्मा ३२ ओटा विद्यालय रहेका छन । अधिकाँस विद्यालयको सेवा क्षेत्र भित्र दलित बस्ती रहेको छ । स्रोत केन्द्र अन्तरगतका ३२ ओटा विद्यालय मध्ये उच्च मा.वि. र मा.वि. ५ ओटा विद्यालय नमूनाको रुपमा छनोट गरिएको । स्रोत केन्द्र अन्तर्गत रहेका विद्यालयहरु मध्ये दलित बस्ति सेवा क्षेत्र रहेका उच्च मा.वि. र मा.वि. लाई उदेश्य मूलक नमूनाको अधारमा छनोट गरिएको छ । नमुना छनोट गरिका मा.वि.हरु मध्ये स्रोत केन्द्र देखि पश्चिमा, जनता उच्च मा.वि. दहिपौडी , जनता चेथरु जितन

उच्च मा.वि. कविलासि र दक्षिणमा रामजानकी उच्च मा.वि. छजना र र.ज.मा.वि.वलही पर्दछन । स्रोत केन्द्रमा जनता उच्च मा.वि. सुखीपुर रहेको छ। यस अधययन कार्यलाई छनोट गरिएका विद्यालयको मा.वि. तहमा केन्द्रित गरिएको छ। स्रोतकेन्द्रका स्रोत व्यक्ति, छनोट गरिएका विद्यालयका अध्यक्ष ५ जना र प्राचार्य/ प्रधानाध्यापक ५ जना उद्देश्यमुलक नमुना छनोटवाट नमुनाको रुपमा लिइएको छ। विद्यालयमा कार्यरत जम्मा शिक्षक शिक्षिका मध्ये नमुना विद्यालयमा उपलब्ध दलित शिक्षक १, शिक्षिका १ उद्देश्यमुलक तथा बाँकी ३ जना सम्भावना यूक्त गरी जम्मा ५ जनालाई नमुनाका रुपमा छनोट गरिएको छ। दलित विद्यार्थी मध्ये प्रत्येक मा.वि. विद्यालयवाट एक जना छात्रा र एक जना छात्र पर्ने गरी १० जना विद्यार्थी छनौट गरिएको छ। छनोटमा परेका विद्यार्थीका १० जना अभिभावकहरु लाई उत्तर दाताको रुपमा लिइएको छ। यसरी जम्मा ३६ जनालाई नमुनाको रुपमा छनोट गरिएको छ।

**३.३. तथ्याङ्कका स्रोत :** यस अध्ययनकार्यका लागि आवश्यक सूचना तथा तथ्याङ्कका स्रोत निम्नानुसार छन्।

**३.३.१. प्राथमिक स्रोतः** नमूना छनौटमा परेका स्रोत व्यक्ति, अध्यक्ष, प्राचार्य /प्र.अ. अभिभावक, शिक्षक र विद्यार्थीहरु यस अध्ययनको प्राथमिक स्रोतको रुपमा लिइएको छ ।

**३.३.२. द्धितीय स्रोत :** विद्यालय तथा स्रोत केन्द्रमा रहेका तथ्याङ्क विवरण फाराम, अभिलेख , पुराना अध्ययन प्रतिवेदन, शोधपत्रलाई द्धितिय स्रोतहरुको रुपमा राखिएको छ।

**३.४. तथ्याङ्क संङ्कलनका साधन :** यस कार्यको लागि निम्न लिखित साधनहरुको निर्माण गरी प्रयोग गरिएको छ।

### ३.४.१ अन्तर्वार्ता प्रश्नावली

यस साधनको मद्दतबाट अध्ययनकर्ताले कुनै विषयमा आधारित रहेर स्वतन्त्र रुपमा अन्तर्वार्ताद्धारा गहिराईमा पुगी सुचना संकलन गरिएको छ। यस अध्ययनमा दलित विद्यार्थीको भर्ना, उपस्थिती उत्तीर्ण, अनुत्तीर्ण जस्ता अवस्थासँग सम्बन्धित समस्याहरु पहिचान गर्ने र शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरु सुझाउने उद्देश्यको लागि यस साधनको प्रयोग गरिएको छ। यसमा नमुना छनौट गरिएका विद्यार्थी, शिक्षक, अभिभावक, प्रधानाध्यापक /प्राचार्य, विद्यालय व्यवस्थापन समिति

अध्यक्ष र स्रोतव्यक्तिलाई सोध्न प्रयोग गरिएको अन्तर्वार्ता प्रश्नावलीको ढाँचा क्रमश : अनुसुचीको नमूना १, २, ३ , ४ , ५, ६, ७, ८, ९, १०, ११, १२, १३ १४ र १५ मा दिइएको छ ।

**३.४.२. विद्यालय विवरण फारम :** छनोटमा परेका विद्यालयको मा.वि. तहमा २०६८ , २०६९ र २०७० सालको जम्मा र दलित विद्यार्थीमध्ये भर्ना , परीक्षामा सम्मिलित, उत्तीर्ण, अनुत्तीर्ण विवरण सङ्कलन गर्न विद्यालय विवरण फाराम तयार गरिएको छ । छनोटमा परेका दलित विद्यार्थीको शैक्षिकसत्र २०७१ को उपस्थिती सङ्कलन गर्न विद्यार्थी उपस्थिति अभिलेख सङ्कलन फाराम प्रयोग गरिएको छ ।

**३.४.३. समूह छलफल :** नमूना छनौटमा परेका विद्यालयहरुमा देहाय अनुसार विभिन्न समूहहरुमा छलफल गरियो । विद्यार्थी समूहमा अनुसूचि एकको अधारमा छलफल गरियो शिक्षकहरु संग अनुसुचि दुईको अधारमा छलफल गरियो अभिभावकहरु संग अनूसुचि तीनको अधारमा छलफल गरियो । प्रध्यानापकहरु संग अनुसूचि चारको अधारमा छलफल गरियो । त्यसतै विद्यालय व्यवस्थापन समिति अध्यक्ष वा सदस्यहरु संग पनि अनुसूचि पाँचको अधारमा छलफल गरियो । यस समूह छलफलवाट प्राप्त भएका तथ्य तथा सूचनाहरुलाई एकिकृत गरि व्यवस्थित रुपमा विश्लेषण गरिएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि छनौट गरिएका नमुनाहरु उद्देश्यमुलक र सम्भावनायूक्त गरी दुई प्रकारका रहेका छन् । अध्ययन क्षेत्रको स्रोत केन्द्रमा रहेका विद्यालयहरुमध्ये दलित बसोवास भएका सेवा क्षेत्रहरु निस्क्यौल गरी विद्यालयलाई छनौट गरिको छ । यस कार्यमा प्राथमिक स्रोतको रुपमा रहेका नमुनाहरुसँग अध्ययन कर्ताको आफ्नै उपस्थितिमा अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिको छ । विद्यालय तथा स्रोतकेन्द्रमा रहेका तथ्याङ्क विवरण फारामको अभिलेखवाट विद्यार्थीको भर्ना परीक्षामा सम्मिलित, उत्तीर्ण, अनुत्तीर्ण जस्ता तथ्याङ्कहरु सङ्कलन गरिको छ । यसरी प्राथमिक र द्धितिय स्रोतहरुबाट प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई आवश्यकता अनूसार तालिकीकरण गरिएको छ ।

# परिच्छेद : चार
# नतिजाको विशलेषण

यस अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरुलाई तालिकीकरण गरी गुणात्मक र सङ्ख्यात्मक विधिवाट व्याख्या र विश्लेषण गरिएको छ। माध्यमिक तहमा दलित विद्यार्थी शैक्षिक अवस्था अन्तर्गत विद्यालयमा भर्ना, उपस्थिति, परीक्षा सम्मिलित, उर्तीण , अनुर्तीण र आँशिक परीक्षामा उर्तीण अवस्थालाई सङ्ख्या तथा प्रतिशतमा समेत परिणत गरी सम्पुर्ण विद्यार्थीहरुको अवस्थासँग दलित विद्यार्थीहरुको तुलनात्मक रुपमा व्याख्या र विश्लेषण गरिएको छ । शैक्षिक अवस्था अन्तर्गत कै परीक्षा परिणाम विश्लेषणमा कूल विद्यार्थी र दलित विद्यार्थीहरुको परीक्षामा सम्मिलित, उत्तीर्ण र अनुत्तीर्णको अवस्थासँग तुलना गरी छात्र- छात्राको अवस्था प्रतिशतमा समेत विश्लेषण गरिएको छ । दलित विद्यार्थीहरुको शैक्षिक समस्या सम्वन्धमा दलित विद्यार्थी, शिक्षक, अभिभावक, प्रार्चाय अध्यक्ष र स्रोत व्यक्तिसँग गरिएको अन्तर्वार्ता प्रश्नावलीको माध्यमवाट प्राप्त सुचना तथा जानकारीलिई एकिकृत गरी व्यवस्थित रुपमा व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ दलित विद्यार्थीहरुको शैक्षिक अवस्था

यस अध्ययनमा दलित विद्यार्थीको शैक्षिक स्थिति भन्नाले विद्यालयमा भएको भर्ना, उपस्थिति, परीक्षा परिणामको अवस्था अध्ययन गरिएको छ । यस अध्ययनमा छनोट गरिएको विद्यालयका माध्यमिक तहको शैक्षिक सत्र (२०६८, २०६९ र २०७०) को विद्यालय तथ्याङ्कलाई लिइएको छ । जसलाई कुल विद्यार्थीको अवस्था र दलित विद्यार्थीहरुको अवस्थासँग तुलना गरी निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ । छनौटमा परेका विद्यालयमा मा.वि. तहमा रहेको विद्यार्थीहरुको भर्ना अवस्था यस प्रकार रहेको छ ।

### ४.१.१ विद्यार्थी भर्ना

**तालिका ४.१ : छनोटमा परेका  मा.वि. तहमा विद्यार्थीहरुको भर्ना विवरण ।**

| शै.स. | क.स. | जम्मा भर्ना | | | जम्मा दलित विद्यार्थी भर्ना | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २०६८ | १० | ३१४ (४२.२) | ४३० (५७.८) | ७४४ (१००) | ८ (२० ) | ३२ (८०) | १०१ (१००) |
| २०६९ | १० | २१८ (३४) | ४२४ (६६.) | ६४२ (१००) | २० ( ३१.२५) | ४४ (६८.७५) | ६४ (१००) |
| २०७० | १० | २७२ (५४.४०) | २२८ (४५.६०) | ५०० (१००) | ८ (१५.३८) | २२ (८४.६२) | ३० (१००) |

(कोष्ठमा दिइएको अँकले प्रतिशत जनाउछ ) (स्रोत -विद्यालय तथ्याङ्क , २०६८/२०६९/२०७०)

माथिको तालिका ४.१ को आधारमा  माध्यमिक तहमा भर्ना भएका जम्मा विद्यार्थीहरु र दलित विद्यार्थीहरु बीच तुलना गर्दा कक्षा १० मा दलित विद्यार्थीको भर्ना प्रतिशत न्यून रहेको देखिन्छ । त्यस्तै दलितहरुमा प्रतिशत कक्षा १० मा छात्र भन्दा छात्राहरुको भर्ना कम देखिन्छ।

**तालिका ४.२ कक्षा १० का नमुना विद्यार्थीहरुको उमेर समूह**

| उमेर | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| १५ | - | १ | १ (१०) |
| १६ | १ | १ | २(२०) |
| १७ | १ | २ | ३ (३०) |
| १८ | १ | १ | २ (२०) |
| १९वा १९ भन्दा माथि | १ | | १ (१०) |
| जम्मा | ५ | ५ | १० (१००) |

स्रोत- स्थल गत सर्वेक्षण, २०७१

तालिका ४.२ को अध्ययनबाट कक्षागत उमेर समुहका विद्यार्थीहरुको भर्ना प्रतिशत १० रहेको छ । छात्राहरु १५ बर्षका छन् भने छात्रहरु सबैभन्दा बढी १७ बर्ष उमेरका छन् । छात्राहरु मध्ये १९ बर्ष भन्दा माथिको संख्या १० प्रतिशत रहेको छ । छात्र / छात्रामा १९ बर्ष समुहका विद्यार्थी १० प्रतिशत रहेको देखिन्छ । उमेर तुलना गर्दा छात्र भन्दा छात्राहरु बढी उमेरको रहेका छन् । माथिका भर्ना सम्बन्धी तालिकाहरुवाट दलित विद्यार्थीहरु उमेर समूह अनुसार विद्यालयमा भर्ना

हुने अवस्था न्युन रहेको छ । विद्यार्थीहरु विद्यालयमा भर्ना भएका मध्ये अनुतीर्ण हुने मा.वि. तहको उमेर समुह भन्दा बढी उमेरका विद्यार्थीहरु विद्यालयमा रहेका छन् । विद्यार्थी भर्ना सम्वन्धी अवस्थाको बारेमा स्रोत व्यक्ति, अध्यक्ष, प्रचार्य , शिक्षक, अभिभावक र विद्यार्थीहरुसँग गरेको अन्तर्वार्तामा सबै दलित विद्यार्थीहरुका मा.वि.मा भर्ना नभएको र उमेर समुहको भर्ना अत्यन्त न्युन रहेको पाइयो । यसो हुनुमा दलितहरुको सोचाइमा आफूहरु कमजोर रहेको, पढेर केही नहुने (रोजगारी नपाइने) उच्च तहसम्म पढाउन आर्थिक अवस्थाले नधान्ने कारणले विद्यार्थीका विद्यालयमा समयमा नै भर्ना नभएको वा भर्ना भए पछि पनि मजदुरी गर्न , नियमित कक्षामा उपस्थित नहुने जवाफ पाइयो । दलितहरुले आफुहरु कमजोर रहेको, अरुसँग प्रतिस्पर्धा गर्न नसक्ने जस्ता सोचाइमा परिवर्तन गर्न मानव सम्वन्ध विकास सिद्धान्तले सम्बन्ध राख्दछ । यस सिद्धान्तले हरेक व्यक्तिमा क्षमता, दक्षता र सहभागिता बृद्धि गर्न दया, माया, ममता, सम्मान, र सत्कारको आवश्यकता पर्दछ । परापुर्वकालदेखि प्रत्यक्ष वा परोक्ष रुपमा चल्दै आएको छुवाछुत र विभेदको व्यावहारिक र भावनात्मक कारण दलितहरुमा हिनताबोधको मनोवैज्ञानिक असर रहेको छ । पढेर केही नहुने र आर्थिक अवस्था कमजोर रहेकोले पढ्ने उमेरमा पनि मजदुरी गर्न जानु परेको उनीहरुको भनाइवाट पढाई प्रति उत्प्रेरित नहुनु हो । पढाई प्रति उत्प्रेरणा जगाउन पुनर्वलको सिद्धान्त प्रयोग गर्न सकिन्छ । हुन त वर्तमान परिस्थितिमा दलितहरुमा पनि चेतनाको विकास भएको पाइन्छ ।

### ४.१.२ दलित विद्यार्थीको उपस्थिति

दलित विद्यार्थीहरुको उपस्थिति पत्ता लगाउन छनौटमा परेका दलित विद्यार्थीहरुको शैक्षिक सत्र २०७१ सालको विद्यालयको हाजिरी अभिलेखलाई आधार वनाइएको छ । शैक्षिक सत्र २०७१ मा विद्यालय खुलेको औसत दिन २२२ पाइयो । उक्त दिन मध्ये जम्मा १९३ दिन विद्यालयमा पढाई भएको र सोही आधारमा विद्यार्थी उपस्थिति निम्नाअनुसार रहेको थियो **तालिका ४.३ : विद्यार्थी उपस्थिति**

| उपस्थिति | छात्रा (१०) | छात्र (१०) |
|---|---|---|
| ५० प्रतिशत सम्म | ४ (४०) | २ (२०) |

| | | |
|---|---|---|
| ७५ प्रतिशत सम्म | २ (२०) | ४ (४०) |
| ७५ प्रतिशत भन्दा माथि | ४ (४०) | ४ (४०) |
| औसत उपस्थिति | १२९ दिन (६६.६) | १३१ दिन (६७.६) |

स्रोत : स्थलगत सर्वेक्षण , २०७१

तालिका ४.३ अनुसार नमुना छनोटमा परेका दलित विद्यार्थीहरुको उपस्थिति हेर्दा छात्राको औसत उपस्थिति कम र छात्रको उपस्थिति धेरै रहेको पाइयो । मा.वि.मा ५० प्रतिशत सम्म उपस्थिति हुने छात्रा ४० प्रतिशत र छात्र २० प्रतिशत मात्र देखियो । ७५ प्रतिशत भन्दा बढी उपस्थित हुने छात्रा र छात्र प्रतिशत वरावर अर्थात ४० प्रतिशत रहेको पाइयो। औसतमा छात्रा भन्दा छात्रको उपस्थिति १ प्रतिशत बढी भएको पाइयो ।

**तालिका ४.४ : विद्यालय विदा हुँदा वा विद्यालयमा अनुपस्थित हुँदा विद्यार्थीले घरमा गर्ने कार्य**

| घरको कामगर्ने | | | पढ्ने | | | घरको काम गर्ने र पढने | | | घरको काम गर्ने र मजदुरी गर्ने | | | जम्मा विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ४ (१०) | २ (५) | ६ (१५) | - | - | - | १० (२५) | १४ (३५) | २४ (६०) | ६ (१५) | ४ (१०) | १० (२५) | २० (५०) | २० (५०) | ४० (१००) |

स्रोत :- स्थलगत सर्वेक्षण , २०७१

घरमा बस्दा विद्यार्थीले गर्ने कार्यको बारेमा अन्तर्वार्ता प्रश्नावलीबाट आएको परिणामलाई तालिका ४.४ मा देखाइएको छ । तालिकाको अध्ययनगर्दा छात्र भन्दा छात्राहरुले घरको काम बढीगर्नु परेको दखियो । विद्यालय नजाँदाको दिन घरको काम गर्ने र मजदुरी गर्नेमा १० प्रतिशत केटी बढी देखियो । घरमा पढ्ने मात्र विद्यार्थीको सङ्ख्या न्यून पाइयो ।

माथि उल्लेख गरिएका विद्यार्थीको अनुपस्थिति अवस्था र घरमा वस्दा गर्ने कार्य विवरणवाट छात्राहरु विद्यालयमा कम उपस्थित हुनुको कारण आर्थिक अवस्था कमजोर र लैंङ्गिक विभेद रहेको कारण देखिन्छ । छात्राहरु विद्यालय जानुपर्छ भन्ने सकारात्मक सोचको विकास भइरहेको भए पनि घरको काममा छात्र भन्दा छात्राहरु बढी सहभागी हुनुपर्ने देखिन्छ ।

### ४.१.३ दलित विद्यार्थीहरुको परीक्षा परिणाम

विद्यार्थीहरुको शैक्षिक उपलब्धिस्तर पत्ता लगाउन नतिजाको आधार लिइन्छ । परीक्षामा सहभागी भई प्राप्त गरेको प्राप्ताङ्क र नतिजाको आधारमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि निर्धारण गरिन्छ । त्यसैले मा.वि. तहको परीक्षामा सहभागी भएका दलित विद्यार्थीहरुको परीक्षा परिणाम (उत्तीर्ण वा अनुत्तीर्ण ) बारे अध्ययन गरिएको छ । दलित विद्यार्थीहरुको परीक्षामा उत्तीर्ण अवस्था निम्न बमोजीम रहेको छ ।

**तालिका ४.५ : दलित विद्यार्थीको परीक्षामा उत्तीर्ण अवस्था**

| शै.स. | कक्षा | जम्मा विद्यार्थी | | | | जम्मा दलित विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सम्मिलित | परीक्षामा उतीर्ण | | | परीक्षामा सम्मितिल | परीक्षामा उत्तीर्ण | | |
| | | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा |
| २०६८ | १० | ७४४ (१००) | १२४ (१६.६७) | २७० (३६.२९ | ३९४(५२.९६) | ४० (१००) | २ (५.०) | ६ (१५.०) | ८ (२०.०) |
| २०६९ | १० | ६४२ (१००) | १८६ (३४.९६) | १५६ (२९.३३) | ३४२(५३.२७) | ४६ (१००) | १४(३१.८९) | २०(४५.४५) | ३४(७७.३४) |
| २०७० | १० | ५०० (१००) | १२ (२.४) | २६ (५.२) | ३८(७.६) | २६ (१००) | | ६ (२५) | ६ (२३.०७) |

(श्रोत : विद्यालय तथ्याङ्ग ,२०६८-२०७०)

उपरोक्त तालिका ४.५ वाट जम्मा विद्यार्थीहरु भन्दा दलितहरुको संख्यात्मक हिसावले उत्तीर्ण प्रतिशत कम रहेको पाइयो तर पनि प्रतिशतको हिसावले जम्मा विद्यार्थीहरुको र दलितहरुको उत्तीर्ण प्रतिशत घटबढ भएको पाइयो । त्यस्तै दलित विद्यार्थीहरुको छात्र/छात्रा दुवैको उत्तीर्ण प्रतिशत घटवढ भएको पाइयो । दलित छात्राहरुको उत्तिर्ण प्रतिशत छात्रहरुको तुलनामा कम भए पनि छात्रा उत्तीर्ण प्रतिशत कमश : बृद्धि भएको देखिन्छ ।

शैक्षिक सत्र (२०६८) मा दलित विद्यार्थीको उत्तिर्ण प्रतिशत २०, २०६९ मा दलित विद्यार्थीको उत्तिर्ण प्रतिशत ७७.३४ र २०७० मा २३.०७ प्रतिशत ले कमश : बद्धि भएको र घटेको पाइयो ।

माथिको तालिकाको अध्ययनवाट दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि कम रहेको  पाइन्छ । छात्र छात्राको तुलनात्मक अध्ययन गर्दा जम्मा विद्यार्थीहरुमा सख्यात्मक रुपले छात्राहरुको उत्तीर्ण संख्या बढी हुनु र दलितहरुमा  उत्तीर्ण सख्या कम हुनुले दलित बालबलिका मध्ये पनि छात्राहरु शैक्षिक अवसरवाट अझ वढी पछाडी परेको कुरा स्पष्ट हुन्छ । छात्राहरु विद्यालयमा उपस्थित कम हुने, घरको काममा बढी समय दिने अवस्था देखिएवाट पनि उनीहरुको परिवारमा लैङगिक विभेदले निरन्तरता पाइरहेको छ । उत्तीर्ण प्रतिशतमा छात्राहरुको प्रतिशत बृद्धि हुदै गएकोवाट छात्राहरुले पढनु पर्ने, लैङिगक विभेद हटाउनु पर्छ भन्ने भावनातिर सकारात्मक हुदै गइरहेको छ भन्ने कुरालाई नाकार्न सकिदैन। जम्मा  विद्यार्थी र दलित विद्यार्थीको अनुत्तीर्ण अवस्था सङ्ख्यात्मक रुपमा तालिकामा निम्न अनुसार रहेको छ ।

**तालिका ४.६: दलित विद्यार्थीको परीक्षामा अनुत्तीर्ण अवस्था**

| शै.स. | कक्षा | जम्मा विद्यार्थी | | | | जम्मा दलित विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सम्मिलित | परीक्षामा अनुत्तीर्ण | | | परीक्षामा सम्मिलित | परीक्षामा अनुर्त्तीण | | |
| | | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा |
| २०६८ | १० | ७४४ | २६० (७४.२८) | ९०(२५.७१ | ३५०( ४७.०४) | ४० | १८( ५६.२५) | १४( ४३.७५) | ३२(८०) |
| २०६९ | १० | ६४२ | ७० (३६.८४) | १२०( ६३.१६) | १९०(३०) | ४४ | ६(६०) | ४(४०) | १०( २२.७२) |
| २०७० | १० | ५०० | २५० ( | २१२( | ४६२( | २४ | ६( ३३.३३) | १२(६६.६६) | १८(७५) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५४.११) | ४५.८९) | ९२.४०) | | | | |
| | | औसत | (५५.०७) | | | औसत स्रोत | (४९.८६) | | |

स्रोत : विद्यालय तथ्याँक ,२०६८,२०६९,२०७०

माथिको तालिकावाट जम्मा र दलित विद्यार्थी बीचहरुको अनुत्तीर्ण स्थिति तुलना गर्दा शैक्षिक सत्र (२०६८, २०६९ र २०७०) SLC मा क्रमश : ८०. प्रतिशत २२.७२ प्रतिशत र ७५ प्रतिशत भएको जम्मा मध्ये २०६८ मा दलित विद्यार्थी बढी प्रतिशत अनुत्तीर्ण भएको पाइयो । भने (२०६९ र २०७० )मा जम्मा विद्यार्थी मध्ये दलित विद्यार्थी कम प्रतिशत अनुत्तीर्ण भएको पाइएको छ । अनुत्तीर्ण अवस्था जम्मा विद्यार्थीहरु मध्ये छात्रा औसतन कम प्रतिशत र छात्र औसतन बढी प्रतिशत अनुत्तीर्ण भएको पाइयो । त्यस्तै दलित विद्यार्थीहरु मध्ये छात्रा औसतन कम र छात्र औसतन बढी अनुर्त्तीण भएको पाइयो । उपरोक्त तथ्यबाट दलित छात्र छात्राको अनुत्तीर्ण प्रतिशतलाई अध्ययन गर्दा दलित छात्राहरुको अनुत्तीर्ण प्रतिशत घट्दै गएको आधारबाट छात्राहरुको स्थितिमा सुधार भएको पाइयो । विद्यार्थीहरुको अनुत्तीर्ण अवस्था अध्ययन गर्दा दलित विद्यार्थीहरुको अनुत्तीर्ण प्रतिशत बढी हुनुमा नियमित विद्यालय नआउनु, घरमा पढ्ने वातावरण नहुनु तथा आर्थिक अवस्था कमजोर भएकोले बढी समय काम गर्न खर्चनु पर्ने देखिन्छ । अभिभावकको शैक्षिक अवस्था कमजोर रहेको कारण पनि छोराछोरी बढी जन्माउनु र आर्थीक भार बढ्न गइ मजदुरी गर्नुपर्ने अवस्था बृद्धि भएको देखिन्छ । अध्ययन तथा प्राप्त सूचनावाट नियमित विद्यालय जाने विद्यार्थीहरु नियमित विद्यालय नजानेका तुलनामा बढी उत्तीर्ण भएका छन । घरको काममा छात्राहरु बढी व्यस्त हुनुपर्ने, परम्परागत पेशामा छात्रहरु बढीसहभागी हुने जस्ता कारणले पनि उपस्थिति तथा नतिजामा प्रभाव पारेको देखिएको छ ।

वर्तमान अवस्थामा विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुत तथा जातीय विभेद कम हुदै गइरहेको कारण शिक्षा हो भन्ने दलित बालबालिका र अभिभावकले महसुस गर्न थालेको पाइयो । जातिगत उचनीच, परम्परागत विकृतिहरु, सामाजिक विभेदलाई हटाउन शिक्षाले मद्दत गरिरहेको छ । दलित छात्राहरुको सहभागिता विद्यालयमा बृद्धि हुदै गइरहेको देखिन्छ । यसो हुनुमा शिक्षाप्रति चेतनाको विकास भएकै कारण हो । यसरी प्राप्त नतिजा तथा

छलफलको निष्कर्षवाट मानव सम्वन्ध विकास र पूर्नवल सिद्धान्तले शिक्षाको पहुँच पढाउन सकारात्मक सम्वन्ध राख्दछ भन्ने स्पष्ट हुन्छ ।

**तालिका ४. ७ : दलित विद्यार्थीहरुको आँशिक परीक्षाको उत्तीर्ण अवस्था ।**

| शै.स. | कक्षा | परीक्षामा सम्मिलित | जम्मा विद्यार्थी परीक्षामा उत्तीर्ण | | | परीक्षामा सम्मिलित | जम्मा दलित परीक्षामा उत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | | छात्रा | छात्र | जम्मा |
| २०६८ | १० | १६० | २२( ४०.७४ | ३२( ५९.२५) | ५४ ( ३३.७५ | ४ | | ४ (१०० | ४ (१००( |
| २०६९ | १० | १३८ | ३४( ५८.६२) | २४( ४१.३८) | ५८( ४२.०२) | २ | | २(१००) | २(१००) |
| २०७० | १० | १२६ | २०( ३२.२५) | ४२( ६७.७४) | ६२( ४९.२०) | ६ | | ६(१००) | ६(१००) |
| | औसत | | ४३.८७ | | | औसत | | | |

(स्रोत : विद्यालय तथ्याङ्क ,२०६८,२०६९-२०७०)

उपरोक्त तालिका ४.७ बाट जम्मा आँशिक परीक्षामा सम्मिलित जम्मा विद्यार्थीको तुलनामा दलित आँशिक परीक्षामा सम्मिलित परीक्षार्थी को संख्या कम भए पनि उत्तीर्ण परीक्षार्थीको संख्या न्यून रहेको पाइयो । जसमध्ये छात्रा को संख्या छात्रभन्दा कम रहेको देखिन्छ । जम्मा परीक्षार्थी मध्ये छात्रा कम र छात्र बढी औसत प्रतिशत उर्त्तीण भएको पाइयो । दलित छात्राको उर्तीण प्रतिशत औसतन छात्रको भन्दा निकै कम रहेको पाइयो । उपरोक्त तथ्याँकको आधारमा दलित छात्राको शैक्षिक अवस्थामा पहिलेको तुलनामा सुधार भएको पाइन्छ ।

## ४.२ दलित विद्यार्थीहरुको शैक्षिक समस्या

माथिको तथ्याङ्कहरुको अध्ययन तथा विश्लेषणवाट जम्मा विद्यार्थीको तुलनामा दलित बिद्यार्थीको सहभागिता न्यून भएको देखिएको छ । दलित विद्यार्थीको भर्ना, विद्यालयमा उपस्थिति परीक्षा परिणाम जस्ता पक्षमा दलित विद्यार्थीहरुको अवस्था कमजोर देखिन्छ । यहाँ दलितहरुको शैक्षिक समस्याको कारण र समाधानको उपाय खोज्ने प्रयत्न गरिएको छ । दलित बिद्यार्थीको शिक्षामा पहुँचका समस्याहरु सम्वन्धमा स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन अध्यक्ष, प्रधानाध्यापक, / प्रार्चाय ,शिक्षक, अभिभावक र दलित विद्यार्थीहरु सँग अन्तर्वार्ता प्रश्नावली

प्रयोग गरिएको थियो । उत्तरदाताहरुसँग खास गरी विद्यार्थी भर्ना, विद्यार्थी उपस्थिति, उत्तर्णि र अनुत्तीर्ण सँग केन्द्रित रही प्राप्त भएका सूचनाहरुलाई तल उल्लेख गरिएको छ ।

### ४.२.१ विद्यार्थी भर्ना

विद्यार्थी भर्ना सम्बन्धमा नमुना शिक्षकहरुमध्ये ७० प्रतिशतले आर्थिक अवस्था कमजोर रहेको, अभिभावकको चेतनाको स्तर कम भएकोले भर्नामा प्रभाव परेको बताइएको थियो । शिक्षकहरुमध्ये ३० प्रतिशतले विद्यार्थी भर्ना कमी हुनुमा आर्थिक कारण भन्दा चेतनाको कमी भएको तर्क दिनु भयो । दलित अभिभावकहरुको खर्च गराइको तरिका हेर्दा उनीहरुले विद्यार्थीलाई किताब, कापी कलम जस्ता शैक्षिक सामग्रीमा खर्च गर्न अप्ठ्यारो मान्ने तर खाना, मनोरञ्जन जस्ता क्षेत्रमा ऋण काढेर भए पनि मन फुकाएर खर्च गर्ने गरेको देखिन्छ । यसबाट अधिकांश दलित अभिभावकमा चेतनाको कमी, शिक्षा तर्फ वेवस्ता गरेकोले यो समस्या देखिएको हो भन्ने जवाफ पाइयो । भर्ना सन्दर्भमा अभिभावकहरुले विद्यालय जाने उमेरमा भर्ना नगरिदिएर समयमा पढन नपाएको र बढी उमेरमा भर्ना भए पनि विद्यालय जान रमाइलो लाग्ने गरेको धारणा नमुना विद्यार्थीहरुवाट व्यक्त गरिएको थियो । छात्रवृतिको व्यवस्थाले विद्यार्थीलाई पढाउन सहयोग गरे पनि यो अत्यन्त न्यून रहेको धारण दलित अभिभाकहरुबाट व्यक्त गरिएको थियो । अभिभावकमध्ये २० प्रतिशतले विद्यार्थीको पढाई खर्च बढी भएको, पढेर पनि केही नहुने भएकोले छाक टार्न काममा लैजाने वा घरको काम गर्न राख्ने गरेको वताइयो । अभिभावकहरुमध्ये ८० प्रतिशत केटाकेटीले पढनु पर्ने र नपढेमा आफुहरुले जस्तै दुःख पाउने धारणा व्यक्त गरिएको थियो।

शिक्षा ऐन (२०२८) नियमावली (२०५९) ले दलित विद्यार्थीहरु लागी निः शुल्क शिक्षा नभएको ले पढाई खर्च महङ्गो भएको भन्ने अभिभावकहरुको भनाइवाट व्यवहारिक रुपमा शिक्षा महगो भएको पाइयो । यसरी समग्रमा दलित विद्यार्थीहरु भर्ना सम्वन्धी समस्याहरु आर्थिक, सामाजिक, चेतनाको कमी, पारिवारिक आदि रहेको देखिन्छ । मजदुरीको काममा जानुपर्दा बालबालिका साथै जाने वा घरको काम गर्न घरमा बसाल्ने कारण विद्यालय भर्ना सङ्ख्यामा कमी आउने गर्दछ । अभिभावकहरु शिक्षित नभएकाले विद्यार्थीहरु घरमा, टोलमा समूह वनाएर खेल्ने गरेको तर अभिभावकहरु पढाई प्रति चासो नदेखाएका कारण पनि उनीहरु उच्च शिक्षामा सहभागी भएका छैनन् । दलित विद्यार्थीहरु सधैजसो काममा व्यस्त रहनु पर्ने र यसको कारण पढाई कमजोर भई अनुत्तीर्ण हुन्छन् । पढेर केही नहुने भन्ने भनाइवाट विपन्न

परिवार शिक्षाको पहुँचदेखी टाढा रहनुमा वर्तमान शिक्षा प्रणाली पनि जिम्मेवार रहेको देखिन्छ । क्षमता र आवश्यकताको आधारमा व्यावसायिक सीपमुलक शिक्षा सहज रुपमा उपलब्ध नहुनाले लामो समय सम्म आर्थिक लगानी गर्न नसक्ने अभिभावकका बिद्यार्थी निरास भई विद्यालयमा सहभागी नभएको देखिन्छ ।

### ४.२.२ विद्यार्थी उपस्थिति

दलित विद्यार्थीका उपस्थिति बारेमा नमूना छनोटमा परेका ८० प्रतिशत शिक्षकहरुद्धारा दलित विद्यार्थीहरु अन्य विद्याथीको तुलनामा विद्यालयमा कम उपस्थित हुने भएको वताइयो । छात्रहरु भन्दा छात्राहरु तुलनात्मकरुपमा कम उपस्थित रहेका वताइएको छ । उनीहरु कम उपस्थित हुने कारणमा बाबुआमाले बालबच्चाहरुलाई ध्यान दिन नसक्नु बढी उमेरमा भर्ना हुनु, घरको काम तथा ज्याला मजदुरीमा जानुपर्ने जस्ता समस्याहरु रहेको पाइयो । विद्यार्थीहरुसँग गरिएको अन्तर्वार्ता प्रश्नावलीमा सत प्रतिशत बालबालिकाहरु नै विद्यालयमा उपस्थित नहुँदाका दिन घरको काम गर्नु पर्ने बताए । बालबालिका प्रायजसो कृषि तथा मजदुरी गर्ने महिना, चाडपर्व परेको समयमा कम उपस्थित हुने गरेको । विशेष गरी दमाइ जातिका छात्रहरु विवाह, मेला पर्वमा बाजा बजाउने, नाच्ने, मनोरञ्जनमा रमाउने तथा बाबुआमा मालिकको मा काम गर्न जाँदा छोराछोरी पनि साथ साथै लैजाने गरेको कारण पनि उपस्थितिमा कमी भएको पाइयो । सहभागी विद्यार्थीहरुमध्ये २० प्रतिशतले आफनो पढाई खर्च चलाउन विदाको दिन वा विद्यालय खुलेको दिन भएपनि काममा जानुपर्ने वाध्यता रहेको वताए । घरमा काम पनि गर्नुपर्ने र विद्यालयम पनि जानुपर्ने भएकोले पढाईमा कमजोर भइने विद्यार्थीले गुनासो व्यक्त गरेका थिए । कक्षामा आफू पढाइमा कमजोर भएको र समयमा शैक्षिक सामग्री उपलब्ध नहुँदा विद्यालय नजाउँ जस्तो लाग्ने कुरा पनि विद्यार्थीबाट व्यक्त गरिएको थियो ।

शिक्षकहरुले कापी, कलम , झोला, पोशाक तयार गरी विद्यालयमा आउन आग्रह गर्दा विद्यार्थीहरु नै विद्यालयमा अनुपस्थिति हुने गरेको पाइयो । अभिभावकलाई भेटेर परामर्श दिएपछि विद्यार्थी फेरी विद्यालय आउने गरेको शिक्षक तथा प्राचार्यबाट अनुभवहरु व्यक्त गरियो । विद्यालयमा हुने गरेको लामो विदा पछि बालबालिका खेल्नमा बढी जोड दिने र विद्यालय जान नमान्ने गुनासो ६० प्रतिशत अभिभावकहरुबाट प्राप्त भएको थियो । साथीसमूह मिलेमतोबाट विद्यार्थी बाटोमा लुक्ने, खोला व जङ्गलमा गई खेल्ने र विद्यालय छुट्टी हुने

समयमा घरमा फर्कने गरेकोले पनि विद्यार्थीको उपस्थिति कम हुने गरेको पाइयो । विद्यालयमा नजान्ने , धेरै उमेरको, फोहरी जस्ता कुराहरु अरु साथीको सामुन्ने गरिदिएमा पनि विद्यार्थीले विद्यालय जाने वेलामा विभिन्न बहाना बनाउने गरेको घारणा पनि अभिभावकहरुबाट व्यक्त गरिएको थियो । समग्रमा विद्यार्थीहरु कम उपस्थित हुने कारणहरुमा आमाबाबुले ध्यान दिन नसक्नु ,बढी उमेरमा भर्ना हुनु विद्यालयमा वातावरण सिकाई प्रति उत्प्रेरणा दिने खालको नकुनु आर्थिक समस्याले बालबालिकाहरु ज्याला मजदुरी गर्न जानु, घरको काम तथा बालबच्चाहरुको रेखदेखमा बालबालिकालाई प्रयोग गर्नु, परम्परागत धार्मिक तथा सामाजिक क्रियाकलपहरु कायम रहनु जस्ता समस्याहरु पाइयो ।

समग्रमा भन्नुपर्दा, गरिबी , परम्परागत पेशाको निरन्तरता, शिक्षा प्रतिको चेतनामा कमी, बेरोजगार, बालविवाह, ठूलो परिवार सङ्ख्या, विद्यालयमा प्रभावकारी वातावरणको अभाव, शैक्षिक सामग्रीको अभाव विद्यालयमा उपस्थितिको कमी, गलत साथीसँगीको प्रभाव जस्ता समस्याहरु रहेको देखिन्छ ।

### ४.२.३ परीक्षा परिणाम

दलित विद्यार्थीहरु अरु विद्यार्थीको तुलनामा परीक्षामा कम सहभागी हुने र अनुत्तीर्ण बढी हुने अवस्था बारे गरिएको अध्ययनबाट निम्न समस्या रहेको पाइयो ।

दलित विद्यार्थीहरु घरमा भएको समयमा घरको काम गर्ने र फुर्सदको समयमा खेलनमा विताउने हुनाले उनीहरु पढाइमा कमजोर भएको पाइयो । दलित छात्राहरु घरको काममा व्यस्त हुनुपर्ने र छात्रहरु परम्परागत पेशागत काममा अभिावकलाई सहयोग गर्ने  गरेको पाइयो । सहभागी बालबालिकाहरुमध्ये ८० प्रतिशत बालबालिकाहरुले पढ्नको लागि आफ्नो छुट्टै कोठा नभएको र २० प्रतिशत विद्यार्थीका मात्र पढ्ने कोठा छुट्टै रहेको पाइयो । सहभागी छात्रछात्राहरु मध्ये छोराछोरी २ जना मात्र भएको परिवारको सङ्ख्या ५ प्रतिशत मात्र र बाँकीको परिवारको आकार ठूलो भएकोले पढाइमा असर पारेको वताएको छ । अभिभावकहरुमध्ये ७० प्रतिशतले अशिक्षित भएको कारण विद्यालयमा पढाएको पाठ पढेनपढेको हेरी पढ्न लगाउन नसकिएको बताए । किताव समातेर वस्दा पनि पढे नपदेको छुट्टाउन नसकेको र जाने नजानेको जाँच्न पनि नसकेकोले सबै जिम्मा विद्यालयको भएको धारणा व्यक्त समेत गरिएको थियो । विद्यार्थीले पढे नपढेको वारेमा सोध्न सकिने र थोरै थाहा पाउन सकिने अभिभावक जम्मा २० प्रतिशत पाइयो । अभिभावकमध्ये १० प्रतिशतले मात्र

गृहकार्य गरे नगरेको हेर्न सकिने धारणा व्यक्त गरिएको थियो । विद्यालयका प्राचार्य तथा शिक्षकको भनाइमा दलित विद्यार्थीहरु अन्य विद्यार्थीको तुलनामा कम उत्तीर्ण हुने र विद्यालय पनि कम आउने गरको छन् । अभिभावकहरुलाई विद्यालयमा वोलाउदा पनि न्यून सङ्ख्यामा उपस्थित हुने गरेको पाइयो । भेटघाटमा पनि अधिकाँश अभिभावकहरुले पढाई भन्दा छात्रवृत्ति र सुविधाको बारेमा सोध्ने गरेको वताइएको थियो । पढाइमा अनुत्तीर्ण हुनुमा उनीहरुको सामाजिक संस्कारले पनि सहयोग गरेको पाइयो । आम्दानी पनि मनोरञ्जन र यस्तै काममा फजुल खर्च गर्नाले आवश्यक शैक्षिक सामग्री उपलब्ध हुन नसकी सिकाइमा नकारात्मक असर परेको देखिन्छ।

अभिभावकहरु काममा जाँदा केही बालबालिकाहरु पछि लागेर अभिभावकसँग जाने, घरमा बालबच्चा हेर्न विद्यालय नगई वस्नु पर्ने अवस्था देखियो । विद्यार्थीको पठन पाठनका लागि अतिरिक्त कक्षाको व्यवस्था गर्न आर्थिक कमजोरीको कारण नसक्नाले पनि उनीहरुको उत्तीर्ण अवस्थामा प्रभाव पारेको पाइयो । घर परिवारमा हुने झगडा, वसेर पढ्ने स्थानको अभाव, खराव साथीसंगत जस्ता कुराले पनि विद्यालय बाहिर पढ्ने वातावरण नभई नतिजामा प्रभाव पारेको अध्ययनका क्रममा पाइयो । आफूहरु कमजोर भएको माथिल्लो जातहरुले मात्र प्रगति गर्न सक्दछ हामीले पढेर के भएको छ र ? भन्ने हिनतावोध तर परम्परागत मनोबैज्ञानिक असरले पनि नतिजामा प्रभाव पारेको देखिन्छ ।

समग्रहमा , दलित बालबालिका परीक्षामा बढी अनुत्तीर्ण हुनु अर्थात उपलब्धि स्तर कम हुनुमा अभिभावकहरु ज्याला, मजदुरी र परम्परागत पेशामा व्यस्त भई छोराछोरीलाई ध्यान पुऱ्याउन नसक्नु रहेको छ । अशिक्षाको कारण आफ्ना बालबालिकाको उपलब्धि स्तर छुट्टयाइ आवश्यक पृष्ठपोषण दिन नसकेको देखिन्छ । परिवारको आकार ठूलो तथा आर्थिक अवस्था कमजोर भएको कारण व्यवस्थित रुपमा पठन पाठनको व्यवस्था मिलाउन नसक्नुले पनि नतीजामा असर पारेको छ । विद्यालयमा शैक्षिक तथा मनोवैज्ञानिक रुपमा कमजोर विद्यार्थीलाई उत्प्रेरित गर्ने खालको सिकाई वातावरण नहुनु विद्यार्थीको उपस्थित कम हुनु पनि अनुत्तीर्ण हुनुको कारण बनेको देखिन्छ । विद्यालय विद्यार्थीको वीचको सम्पर्क न्यून हुनु छोरा र छोरी बीचको विभेद कायमै रहुन जस्ता समस्याहरुले नतिजामा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

### ४.३. दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरु

अभिभावक र यस अध्ययनमा दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरुको बारेमा नमुनामा परेका स्रोत व्यक्ति, अध्यक्ष, प्राचार्य /प्र.अ. शिक्षक, अभिभावक र विद्यार्थीहरुसँग गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त उपायहरु निम्ननुसार उल्लेख गरिएको छ ।

### ४.३.१. अभिभावकको शैक्षिक स्तर बृद्धि ।

परिवार बालकको पहिलो पाठशाला हो । हरेक बालबालिकाको शैक्षिक अवस्था सुधार गर्न परिवारको शैक्षिक स्तरले महत्वपूर्ण प्रभाव पार्दछ । यस अध्ययनका लागि नमूना छनोटमा परेका विद्यालयका सत प्रतिशत अध्यक्ष र प्रार्चायहरुले दलित विद्यार्थीको शैक्षिक स्थिति कमजोर हुनुको मुख्य कारण  अभिभावको शैक्षिक चेतना स्तर कमजोर रहेको घारणा व्यक्त गरेको पाइयो ।  अभिभावकहरुको चेतनाको स्तर बृद्धि गर्न शैक्षिक भ्रमण लैजानु पर्ने, विद्यालयले समय -समयमा चेतनामुलक तथा अभिभावक सम्पर्क कार्यक्रम सञ्चालन गर्नु पर्ने जस्ता उपायहरु बताइएको थियो । स्वस्थ्य, सरसफाई तथा पोषण सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने समेत व्यक्त गरिएको थियो ।स्रोत व्यक्ति, अध्यक्ष, प्रार्चाय तथा शिक्षकको भनाइ अनुसार अभिभावकको शैक्षिक स्तर बृद्धिले सकारात्मक बानी व्यवहारको विकास गर्ने, बचत गर्न प्रोत्साहन गर्ने, बैकल्पिक पेशा छनोटमा सहयोग गर्ने , लैङ्गिक विभेद नगर्न , बालबालिकाको स्वास्थ्य र पोषण सचेत गराउन मद्दत गर्दछ । यसो भएमा बालबालिकाको शैक्षिक उपलब्धिमा बृद्धि हुने बताइएको थियो ।

### ४.३.२. पारिवारिक आयमा सुधार तथा शैक्षिक सामग्री वितरण ।

दलित बिद्यार्थीको शैक्षिक उपलब्धि बृद्धिको लागि उनीहरुको आर्थिक अवस्था पनि मुख्य समस्याको रुपमा पाइयो । यसका लागि परम्परागत पेशालाई तालिम दिइ आय मुलक बनाइनु पर्ने , दलितलाई प्राथमिकता दिई रोजगारीको व्यवस्था गर्नु पर्ने, साथै  शैक्षिक चेतना बृद्धि नभए सम्म आर्थिक सहयोगले मात्र अपेक्षित उपलब्धि हासिल हुन नसक्ने धारण समेत व्यक्त गरिएको थियो ।

### ४.३.३ विद्यालयमा सिकाईप्रति उत्प्रेरित हुने वातावरण निर्माण  ।

अभिभावहरुद्धारा दलित विद्यार्थीको शैक्षिक उपलब्धि बृद्धि गर्न विद्यालयको वातावरण सुधार गर्नु पर्नेमा जोड दिइएको थियो । यसको लागि शिक्षकले नजान्ने विद्यार्थीलाई पनि प्राथमिकता

दिई सिकाउनु पर्ने, हिनता बोध हुने भाषाहरु शिक्षकले प्रयोग गर्न नहुने धारणा व्यक्त गरिएको थियो ।

### ४.३.४. घर परिवारको वातावरणमा सुधार तथा सोचाइमा परिवर्तन ।

विद्यार्थीको उच्च शिक्षा प्रक्रियामा पारिवारिक वातावरणले महत्वपूर्ण भूमिका निर्वाह  गर्दछ । यसका लागि परिवारको आकार घटाउनु पर्ने , धर्म तथा सँस्कृतिको आधारमा परिवार तथा समाजले हस्तान्तरण गर्दै आएका विसंगतिहरु सुधार गर्नु पर्ने, परम्परागत पेशामा विद्यार्थीको प्रयोग कम गर्नु पर्ने जस्ता उपायहरु स्रोत व्यक्ति अध्यक्ष, प्रार्चाय तथा शिक्षकहरुबाट प्राप्त भएको थियो । दलितहरुको सोचाइमा उनीहरु कमजोर रहेको, पढेर केही नहुने, अरु जातिहरुसँग प्रतिस्पर्धा गर्न नसक्ने सोचाइको निरन्तरता रहेको पाइयो । समाजमा पनि दलितलाई सेवकको रुपमा लिइएको र त्यसै अनुरुपको व्यवहार वर्तमान अवस्थामा पनि कायमै रहेको पाइयो । दलित र समाजक यी सोचाइहरुले निरन्तरता पाउदा सम्म बालबालिकाको उपलब्धिमा अपेक्षित बृद्धि हुदैन । यसको लागि निर्णय प्रक्रियामा सहभागी गराउनु पर्ने, सामाजिक नेतृत्वमा अगाडि बढाउनु पर्ने र पाठ्यक्रम तथा शिक्षा प्रणालीमा नै परिवर्तन गरी समाहित शिक्षालाई व्यहारिक रुपमै कार्यान्वयन गरिनु पर्ने आवश्यकता देखियो ।

पराजुली (२०६३ ) ले भने जस्तै दलितको विभेद हुनुमा नेपाली समाज र नेपालको शिक्षा प्रणाली पनि जिम्मेवार रहेको देखिन्छ । पाठ्यक्रम तथा वर्तमान शिक्षा प्रणाली समाहित शिक्षालाई प्रभावकारी रुपमा लागु गरेका देखिदैन । त्यस्तै विश्वकर्मा (२०६३) ले उल्लेख गरे जस्तै दलित समुदायको उच्च शिक्षामा पहुँच पुग्न नसकनाको कारण नीति निर्माण तहमा दलितको नेतृत्वको अभाव, जातीय छुवाछुत, सामाजिक विभेद, लैङ्गिक विभेद, विभेदकारी राज्य संयन्त्र, कमजोर आर्थिक अवस्था र बेरोजगारी समस्या रहेको छ ।

दलितहरुको शैक्षिक उपलब्धि बृद्धि गर्न उनीहरुको दक्षता, क्षमता र सहभागितामा बृद्धि गर्नुपर्दछ । यसको लागि उनीहरुलाई दया, माया, ममता स्नेह सम्मान र सत्कारको आवश्यकता पर्दछ । दलितहरुसँग आत्मीय सम्बन्ध विस्तार गरी नजानेका, नबुझेका र शंका लागेका कुराहरुमा प्रष्ट पारेमा पढाई प्रति उत्प्रेरित हुन्छन् । उत्प्रेरणाको कारण सहभागीतामा बृद्धि भई क्षमता बृद्धि गर्न सकिन्छ । उच्च भनिने जात र दलितहरु बीचको छुवाछुत प्रथा कायमै रहनु सामाजिक पहुँच न्यून हुनु कमजोर रहेको सोचाइमा परिवर्तन हुन नसक्नुले

मानब सम्बन्ध तथा शैक्षिक उपलब्धिमा नाकारात्मक प्रभाव पारेको छ । आर्थिक अवस्था कमजोर रहेको ले विद्यार्थीहरु विद्यालय जानुको सट्टा मजदुरी गर्न जानु पर्ने अवस्था भएकोले छात्रबृत्ति, शैक्षिक सामग्री जस्ता पूनर्वल उपलब्ध गराउनु पर्दछ । पूनर्वलका कारण पनि उत्प्रेरणा उत्पन्न हुने र क्षमता तथा सहभागितामा बृद्धि हुने गर्दछ । तसर्थ दलितहरुको शैक्षिक उपलब्धि बृद्धि गर्न मानव सम्वन्धको विकास गर्नु आवश्यक हुन्छ । मानव सम्बन्ध विकासको कारण उत्प्रेरणा बृद्धि भई पुनर्वलको उपस्थितिमा विद्यार्थीको भर्ना , उपस्थिति र उत्तीर्ण प्रतिशतमा बृद्धि हुन्छ । अनुत्तीर्ण दर घट्न गई शैक्षिक उपलब्धिमा सुधार हुने देखिन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१. निष्कर्ष

यस अध्ययनले दलित विद्यार्थीको भर्ना, उपस्थिति, परीक्षा परिणाम जस्ता पक्षमा अन्य विद्यार्थीको तुलनामा दलितहरु पछाडि परेका छन । यस अध्ययनको प्राप्तिको अधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ । दलित अभिभावकहरु वर्तमान अवस्थामा समेत अशिक्षित रहनुले विद्यार्थीको शिक्षामा प्रत्यक्ष प्रभाव परेको छ । वर्तमान अवस्थामा शैक्षिक लगानी महँगो हुदै गइरहेको छ । आर्थिक अवस्था कमजोर भएको कारण  मजदुरी गरेका  छन् । समाजिक संस्कार, धार्मीक आस्था जस्ता आधारमा पनि समाजमा जातीय विभेद, लैगिक् विभेद र छुवाछुत प्रथा व्यवहारिक रुपमा हट्न सकेको छैन । बालबालिका तथा अभिभावकहरुमा छुवाछुत, तल्लो जाती, आफु कमजोर भएको जस्ता मनोवैज्ञानिक असर परिवर्तन हुन सकेको छैन । जातीय छुवाछुत दलितहरु आफैमा पनि रहेको र अशिक्षाकै कारण बालबालिकाहरुमा पनि यसको प्रभाव रहेको छ । दलित छात्राहरुको उपस्थितिकम हुनु उत्तिर्ण कम हुनुले लैङ्गिक विभेद दलित भित्र कायम रहेको छ । तर पनि छात्रा उत्तीर्ण प्रतिशत सुधार हुदै जानुले सकारात्मक सोच तर्फ अगाडि वढेको छ । अभिभावकहरु विद्यालयमा विद्यार्थीको पढाईको वारेमा जानकारी लिन नआउनु विद्यालयको वर्तमान शैक्षिक वातावरणमा सुधार गरी फरक फरक क्षमता र स्तर भएका विद्यार्थीहरुलाई आवश्यकता अनुसार उत्प्रेरित गर्ने वातावरण तयार गर्नु पर्दछ । प्रार्चाय , शिक्षक, विद्यार्थी तथा अभिभावकको सम्पर्क र सम्वन्ध विस्तारवाट जनचेतना बृद्धि गराई शैक्षिक स्थितिमा सुधार  हुन्छ । परम्परागत पेशाको निरन्तरता, पारिवरिक सङ्ख्या, साथी संगत, पारिवारिक वातावरण, आदिले दलित वाल वालिकाको शिक्षामा प्रत्यक्ष असर पारेको छ ।

## ५.२ सुझाव

**५.२.१ नीतिगत तह :** यस अध्ययनको शिलशिलामा प्राप्त सुचनामा तथा तथ्याङ्को व्याख्या र विश्लेषणको प्राप्ति र निष्कर्षको आधारमा अन्य विद्यार्थीको तुलनामा दलित विद्यार्थीको शैक्षिक स्थिति कमजोर रहेकोले उनीहरुको शैक्षिक स्थितिमा सुधार ल्याउनको लागि निम्न अनुसार सुझावहरु प्रस्तुत गरिएको छ । दलित विद्यार्थीको शिक्षामा पहुँच वृद्धि गर्नका लागि

अभिभावकको शैक्षिक स्तरको महत्वपुर्ण भूमिका निर्वाह गर्दछ । शिक्षाको महत्व वारेमा चेतना बृद्धिगर्न अभिभावकहरुलाई शैक्षिक भ्रमण लैजानु पर्ने, दलित वस्तीलाई पायक पर्ने गरी विद्यालय खोल्नु पर्दछ । शिक्षा ऐन, नियमावलिमा निः शुल्क उच्च शिक्षाको व्यवस्था नभएको देखिन्छ । नियमितरुपमा विद्यालय नआउने आफ्नो सेवाक्षेत्रभित्रका विद्यार्थी तथा अभिभावकका लागि विद्यालयमा चेतनामुलक कार्यक्रमहरु आयोजना गर्नु पर्दछ ।परम्परागत पेशाको सुधारका लागि तालिम दिनुपर्ने, सीपमुलक तथा आयआर्जनमा सहयोग गर्ने तालिम दिई विना धितो पारिवारीक ऋण उपलब्ध गराई आर्थिक सूधार गर्नु पर्दछ । तालिम तथा रोजगारीमा दलित महिलालाई प्राथमिकता दिइनु पर्दछ ।

### **५.२.२ अभ्यास तह**

तीन वर्षे अन्तरिम योजनामा व्यवस्था भएको शैक्षिक ऋणको यथासीघ्र प्रभावकारी कार्यान्वयन गरी उच्च शिक्षा पढ्न प्रोत्साहन गर्नु पर्छ । वर्तमान शिक्षा प्रणालीलाई रुपान्तर गरी सीपमुलक, व्यवसायिक र आयमुलक शैक्षिक कार्यक्रम विस्तार गरिनु पर्छ । यस्तो कार्यक्रमा दलितहरुलाई प्राथमिकता दिई रोजगारीको ग्यारेन्टी गरिनु पर्दछ ।

### **५.२.३. अनुसन्धान तह**

विद्यार्थीको अनुपस्थिति, अनुत्तीर्ण, शिक्षाको लाभ प्रति निरासायुक्त सोच जस्ता कारणले विद्यालय कम आएको देखिएको छ । यसका लागि निः शुल्क अतिरिक्त कक्षाको व्यवस्था विद्यालयमा गर्नु आवश्यक देखिन्छ । घरको वातावरणले शैक्षिक स्तर सुधार गर्न महत्वपुर्ण भुमिका खेल्ने भएकोले जनसङ्ख्या, पोषण, सरसफाई खराब संस्कारको बारेमा विद्यालय तथा सरकारीस्तरवाट चेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्दछ । कमजोर, कम उपस्थित हुने तथा दविएको मानसिक प्रभाव परेका विद्यार्थीहरुको स्तर बृद्धि गर्न विद्यालयले उत्प्रेरित गर्नुपर्दछ । यसका लागि शिक्षकले तालिममा सिकेका सीप व्यवहारमा लागु गर्ने, विद्यार्थी र शिक्षक विचमा सिकाई युक्त सम्वन्ध विकास गर्ने, कमजोर तथा दलित विद्यार्थीलाई उत्प्रेरित गर्ने व्यवहार र बोलिचाली प्रयोग गर्नु पर्दछ । शिक्षाको लाभ प्रति निरासाजनक सोचाइ र परम्परागत मनोवैज्ञानिक पक्षहरुको हस्तान्तरणले दलितहरुको शैक्षिक स्थिति कमजोर रहेको छ । यसका लागि दलितहरुलाई विद्यालय, समाज र राज्यको तर्फवाट उत्प्रेरित गरिनु पर्दछ । समावेशीको नाममा भएको दलितको उपस्थितिलाई सक्रिय सहभागिको रुपमा त्रियाशिल

गराउनु पर्दछ । राज्य र समाजले निर्णय प्रक्रियामा सहभागी हुने र समाजिक नेतृत्व विकास गर्ने वातावरण वनाई दिनु पर्दछ ।

# सन्दर्भसामग्रीहरु

अधिकारी, इन्द्र जित (२०६५), *प्रथमिक शिक्षामा दलित र गैर दलित विद्यार्थीको शैक्षिक उपलब्धिको अध्ययन,(* एम्. एड्. को अप्रकासित शोधपत्र) काठमान्डौ : त्रि.वि. शिक्षाशास्त्र

काफ्ले वासुदेव, ढकाल हेमराज  धामी र अधिकारी कृष्ण प्रसाद (२०६५), *'शिक्षामा सामाजिक न्याय,* काठमाडौंः सनलाइट पब्लिकेशन ।

कोइराला विद्यानाथ, तथा श्रेष्ठ, चन्द्र बहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२) *शैक्षिक अनुसन्धान पद्दति,* काठमाडौंः सनलाइट पब्लिकेशन ।

खडका,अञ्जु (२०६३) कोइराला, विद्यानाथ र अन्य *दलित सँग नजोडिएको विकास,* (सम्पादक मण्डल), राज्यको पुनःसंरचनामा दलित सहभागिताः काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

गोरखापत्र (२०७०) मा प्रकाशित लेख अनुसार ।

गोरखापत्र (२०७०) मा प्रकाशित लेख अनुसार ।

दाहाल, लक्ष्मी प्रसाद (२०४९), *हिन्दु विधि शास्त्र,* काठमाडौंः आठराई पुस्तक भण्डार ।

नकर्मी, भक्तकृष्ण (२०३३) *हिन्दु धर्म शास्त्र बमोजीम जातपातको निर्णय,* काठमाडौंः जनसमुह ।

नेपाल, नारायण (२०६३),कोइराला, विद्यानाथ र अन्य *जातीय विभेद र छुवाछुत प्रथा अन्त्यका लागि कानुनी प्रावधानहरु* (सम्पादक मण्डल), राज्यको पुनःसंरचनामा दलित सहभागिताः काठमाडौं ।

परजीवी, भाबुक (२०६१) *नेपालमा योजनाबद्ध विकास तथा दशौं योजना,* काठमाडौंः ।

पराजुली, महेशनाथ (२०६३) कोइराला, विद्यानाथ र अन्य *नेपाली स्कुलमा दलित वहिस्कार र विभेदका कुरा,* (सम्पादक मण्डल), "राज्यको पुनःसंरचनामा दलित सहभागिताः "काठमाडौं ।

पाण्डे,(२०६४ , नेपालमा जातिय विकाश, काठमाडौ विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, हरि प्रसाद (२०६६), *शिक्षाको परिचय* काठमाडौंः पिनाकल पब्लिकेशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *शिक्षा,* काठमाडौंः पाठ्यक्रम विकास केन्द्र ।

थापा, विजयकुमार, श्रेष्ठ, चन्द्रबहादुर र सिग्देल, शैलेन्द्र प्रसाद (२०६४) *व्यवस्थापन सुचना प्रणली र मानव संसाधन व्यवस्थापन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

बौद्धिक दर्पण (२०६५), *नेपालको अन्तरीम संविधान - २०६३,* काठमाडौंः बौद्धिक दर्पण ।

बौद्धिक दर्पण (२०६५) *शिक्षा ऐन २०२८ र नियमावली २०५९,* काठमाडौंः बौद्धिक दर्पण ।

शर्मा पौडेल, घनश्याम (२०६६) *उत्खनन,* काठमाडौंः विवेक सिर्जनशील प्रकाशन ।

शेर्पा पासाङ (२०६३), कोइराला, विद्यानाथ र अन्य *दलितहरुको सामाजिक, आर्थीक, शैक्षिक, र निर्णय तहमा अवस्था,* (सम्पादक मण्डल), राज्यको पुनःसंरचनामा दलित सहभागिताः काठमाड

विश्वकर्मा, तिर्थ (२०६३) कोइराला, विद्यानाथ र अन्य *दलित समुदायको शिक्षामा पहुँच,* सम्पादक मण्डल), राज्यको पुनःसंरचनामा दलित सहभागिताः काठमाडौ।

शिक्षा मन्त्रालय (२०६५), *शैक्षिक सूचना एक झलक,* काठमाडौं शिक्षा तथा खेलकुद मन्त्रालय ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), *शिक्षक शिक्षा,* काठमाडौंः शैक्षिक जनशक्ति विकास केन्द्र

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना २०६६- २०७२,* काठमाडौंः शिक्षा मन्त्रालय ।

सङ्काय, आचार्य, बलराम (२०६२) , *अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन* : काठमान्डौ नेशनल बुक्स हाउस,

पाण्डे, मधुसदन (२०६२), *नेपालका दलितहरु,* काठमाडौंः पैरवी प्रकाशन ।

सिंखडा शरदचन्द्र (२०६३), कोइराला, विद्यानाथ र अन्य *नेपालका दलितहरुः एक झलक,* (सम्पादक मण्डल), “राज्यको पुनःसंरचनामा दलित सहभागिताः ” काठमाडौं ।

Bourdieu, P. and Passeron , J, ( 1977) , *Reproduction in Education, Society, and cultural* , Londorn : Sage Publication.

Neupane, Jotsana (2002), *A Study on social and economic condition of Dalits* : M.A. Unpublished Thesis T.U.kirtipur.

## मा.वि.तहमा दलित विद्यार्थीको शैक्षिक अवस्था
## अनुसूची-एक
## विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली

**नाम :** **कक्षा :**
**ठेगाना :** **उमेर :**

१. तिम्रो घरबाट पढ्न को-को आउनु हुन्छ ?

२. घरबाट विद्यालय जान कति समय लाग्छ ?

३. बाबाले के काम गर्नुहुन्छ ?

४. आमाले के काम गर्नुहुन्छ ?

५. विद्यालयमा नियमित आउने गरेको छौ ? आउँदैनौ भने के कारण ले आउँदैनौ ?

६. तिमीलाई आवश्यक कापी, कलम, जस्ता समाग्री घरबाट समयमा नै उपलब्ध हुन्छ ? हुदैन भने किन ?

७. विद्यालय जान मन लाग्छ कि लाग्दैन ? नलाग्ने भए किन लाग्दैन ?

८. दलित भएर विद्यालयमा पढ्न आउँदा विद्यालयमा कुनै अप्ठ्यारो छ ?

९. विद्यालय नआएको दिन तिमी घरमा के गर्छौ ?

१०. घरमा तिमीले पढ्ने छुट्टै कोठा छ ? तिमीले घरमा पढ्दा के के कुराले अप्ठ्यारो बनाएको छ ?

## शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

## अनुसुची-दुई

**नाम :** **योग्यता :**

**विद्यालय :** **शिक्षण अनुभव :**

१. विद्यार्थी कक्षागत उमेर अनुसार विद्यालयमा भर्ना हुन्छन कि हुँदैनन् ? नहुने भए कारण के हो ?

२. विद्यालयम भर्ना भएका विद्यार्थीहरु मध्ये दलितको उपस्थिति अन्य जातिको तुलनामा कस्तो छ ?

३. विद्यार्थीलाई विद्यालयमा नियमित उपस्थिति गराउन के-के गर्नुपर्छ ,

४. कक्षामा अनुर्तीण विद्यार्थीहरु मध्ये कुन जातिका विद्यार्थीहरु बढी छन् ?

५. दलित विद्यार्थीको उर्तीण प्रतिशत बृद्धि गर्न के- के गर्नुपर्छ ?

६. दलित विद्यार्थीहरु कक्षामा कसरी बस्छन् ? छुट्टै, गैर दलित सँग, कक्षाकोठा अगाडि वा पछाडि ?

७. विद्यालयबाट दिइएको गृहकार्य प्रति अभिभावकले चासो राख्छन् वा राख्दैनन् ?

८. दलित विद्यार्थीको गृहकार्यमा सहभागिता कस्तो छ ?

## अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली

## अनुसूची -तीन

**नाम :** **योग्यता :** **छोरा :**

**विद्यालय :** **परिवार सङ्ख्या :** **छोरी :**

१. तपाईको विद्यार्थी विद्यालयमा कक्षागत उमेर अनुसार भर्ना भएका छन् ? छैनन् भने के कारणले भएका छैनन् ?

२. विद्यालयले विद्यार्थीहरुलाई नियमित विद्यालय आउन गरेको सहयोगहरु के-के छन् ?

३. तपाईको छोराछोरी नियमति विद्यालय जान्छ कि जाँदैन ? जाँदैन भने के कारण ले जाँदैन ?

४. विद्यालयबाट के -के सुविधा / सहयोगहरु पाउनु भएको छ ?

५. विद्यार्थीले दलित छात्रवृत्ति पाएका छन् ?

६. सरकारबाट उपलब्ध गराइएका सुविधाहरु प्रयाप्त छन् ? छैनन् भने के गर्दा अझ प्रभावकारी हुन्छ ?

७. दलित भएकै कारण विद्यार्थीले समाज वा विद्यालयमा भोग्नु परेका अप्ठ्यारोहरु के छन्?

८. विद्यालयले तपाईवाट के-के शूल्क लिन गरेको छ ?

९. विद्यालयवाट घरमा फर्के पछि छोराछोरीलाई पढ्न लगाउने, पढाउने र पढाइ भए नभएको हेर्ने गर्नु हुन्छ ? हुदैन भने किन ?

## प्राचार्य/प्रधानाध्यापकको लागि अन्तर्वार्ता प्रश्नावली

## अनुसूची -४

**नाम :** **योग्यता :**

**विद्यालय :** **शिक्षण अनुभव :**

१. मा.वि. तहमा दलित बालबालिकाको भर्ना स्थिति कस्तो छ ? सबै दलित बालबालिका विद्यालय भर्ना भएका छन् ?

२. दलित विद्यार्थीहरु विद्यालायमा नियमित आउँछन् ? नआउने भए के कारणले आउदैन होला ?

३. अनुर्तीण विद्यार्थीहरु पुन : परीक्षा दिन्छन् ?

४. दलित बालबालिकाहरु पढाईमा उत्सुक देखिन्छन् ? नदेखिने भए कारण के हो ?

५. विद्यालयमा दलित बालबालिकाले अन्य बालबालिका सरह समान अवसर पाएका छन् ?

६. तपाईको विद्यालयमा शैक्षिक गतिविधिलाई प्रभावकारी रुपमा संचालन गर्दा आउने समस्याहरु के-के छन् ? यी समस्याहरु कसरी समाधान गर्न सकन्छि ?

## विद्यालय व्यवस्थापन समिति अध्यक्षको लागि अन्तर्वार्ता प्रश्नावली

## अनुसुची -५

**नाम :** **योग्यता :**

**विद्यालय :**

१. दलित विद्यार्थीहरु मा.वि. शिक्षाको लागि विद्यालयमा सबै भर्ना हुन नआउने कारणहरु के हून सक्छन् ?

२. विद्यार्थीहरुको भर्ना दर कसरी बृद्धि गर्न सकिन्छ ?

३. विद्यालयमा दलित विद्यार्थीहरुलाई कक्षामा नियमित बसाउन के- के कुराहरु बाधक छन् ? कसरी समाधान गर्न सकिन्छ ?

४. विद्यार्थीहरुको शिक्षाको लागि के-के कार्यक्रमहरु संचालन गरेको छ ?

५. छोराछोरीलाई उच्च शिक्षा पढाउन अभिभावकहरु कस्तो धारणा राख्दद ?

६. विद्यार्थीलाई उच्च शिक्षा पढाउन अभिभावकको धारणा कसरी वृद्धि गर्न सकिन्छ ?

७. विद्यालयले दलित विद्यार्थीहरुको उच्च शिक्षाको लागि कसरी सहयोग पुऱ्याएको छ ?

## स्रोत व्यक्तिको लागि अन्तर्वार्ता प्रश्नावली

## अनुसुची -६

**नाम :** **योग्यता :**

**स्रोत केन्द्र :**

१. यस स्रोत केन्द्रमा उच्च शिक्षा भर्ना दर बृद्धि गर्न के-के कार्यक्रमहरु संचालन भएका छन् ?

२. दलित विद्यार्थीको उच्च शिक्षामा सहभागिता बृद्धि गर्न सरकारी स्तरबाट के-के कार्यक्रमहरु संचालनमा छन् ? यी कार्यक्रमको प्रभावकारिता कस्तो रहेको छ ?

३. दलित विद्यार्थीहरुलाई उमेर अनुसार उच्च शिक्षामा भर्ना गर्न के उपाय अपनाउनु पर्छ?

४. दलित विद्यार्थीहरुको उत्तीण अवस्था सुधार गर्न के -के गर्नु पर्छ ?

५. दलित विद्यार्थीलाई नियमित रुपमा कक्षा उपस्थित गराउनु थप के के कामहरु गर्नु पर्ने अवश्यकता देख्नु हुन्छ ?

# अनुसूची-७

## नमुना छनोटमा परेका उच्च /मा.वि.हरुको  विवरण

| क.स. | उच्च/ मा.वि.विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | जनता उच्च मा.वि.दहिपौडी | दहिपौडी | |
| २. | जनता उच्च मा.वि.सुखीपुर | सुखीपुर | |
| ३. | जनता चेथरु जितन उच्च मा.वि. कविलासी | कविलासी | |
| ४. | रामजानकी उच्च मा.वि. छजना | छजना | |
| ५. | र.ज.मा.वि. बलही | बलही | |

(श्रोत : सुखीपुर श्रोत केन्द्र, २०६९)

# अनुसुची-८

**जम्मा**

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ | | | शै.स. २०६९ | | | शै.स.२०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | जनता उच्च मा.वि. दहिपौडी | | | | | | | | | | |
| | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. छजना | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

**विद्यार्थी भर्ना विवरण**

(स्रोत: विद्यालय तथ्याँक शैक्षिक सत्र , २०६८-२०७०)

# अनुसुची-९
## दलित विद्यार्थीको भर्ना विवरण

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ | | | शै.स. २०६९ | | | शै.स.२०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | जनता उच्च मा.वि. दहिपौडी | | | | | | | | | | |
| | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. छजना | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | |

(श्रोत : विद्यालय तथ्याङ्क शैक्षिक सत्र, २०६८-२०७०)

# अनुसुची -१०
## नमुना छनोटमा परेका विद्यार्थीहरुको विवरण

| क.स. | विद्यार्थीको नाम | उमेर | शै.स. २०७१ | | जम्मा हाजरी दिन |
|---|---|---|---|---|---|
| | छात्राहरु कक्षा | | कक्षा ९ मा विषय लागेको /नलागेको | | |
| १ | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| | | | | | |
| | | | | | |
| १ | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| | औसत हाजरी दिन | | | | |

(श्रोत : स्थलगत सर्वोक्षण तथा विद्यालय अभिलेख बैसाख, २०७० )

## अनुसूची-११

## परीक्षामा समिलित, परीक्षामा उतीर्ण, अनुतीर्ण हुने विद्यार्थी विवरण ( मा.वि. तह)

| क.स. | विद्यालयको नाम | कक्षा | परीक्षामा समिलित | | शै.स. २०६८ | | | | परीक्षामा समिलित | | शै.स. २०६९ | | | | परीक्षामा समिलित | | शै.स. २०७० | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उतीर्ण | | अनुतीर्ण | | | | उतीर्ण | | अनुतीर्ण | | | | उतीर्ण | | अनुतीर्ण | |
| | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा |
| १ | जनता उच्च मा.वि. दहिपौडी | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. छजना | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

(स्रोत : विद्यालय तथ्याङ्ग ,२०६८/२०७०)

# अनुसूची-१२

## परीक्षामा समिलित, परीक्षामा उतीर्ण, अनुतीर्ण हुने दलित विद्यार्थी विवरण ( मा.वि. तह)

| क्र.स. | विद्यालयको नाम | कक्षा | परीक्षामा समिलित | | शै.स. २०६८ | | | | परीक्षामा समिलित | | शै.स. २०६९ | | | | परीक्षामा समिलित | | शै.स. २०७० | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | उतीर्ण | | अनुतीर्ण | | | | उतीर्ण | | अनुतीर्ण | | | | उतीर्ण | | अनुतीर्ण | |
| | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा |
| १ | जनता उच्च मा.वि. दहिपौडी | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. छजना | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

(स्रोत : विद्यालय तथ्याङ्क ,२०६८/२०७०)

# अनुसूची-१३

## आँशिक परीक्षामा समिलित उतीर्ण विद्यार्थीको विवरण (  मा.वि.तह)

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ समिलित परीक्षार्थी उतीर्ण | | | | | शै.स. २०६९ परिक्षामा समिलित उतीर्ण | | | | | | शै.स. २०७० परीक्षामा समिलित उतीर्ण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | जम्मा | | छात्रा | जम्मा | छात्रा | जम्मा | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | |
| १. | जनता उच्च मा.वि. दहिपौडी | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. छजना | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

(स्रोत : विद्यालय तथ्याँक, २०६८ - २०७० )

# अनुसूची-१४

## आँशिक परीक्षामा समिलित र उतीर्ण दलित विद्यार्थीको विवरण ( उच्च मा.वि.तह)

| क्र.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ समिलित परीक्षार्थी उतीर्ण | | | | | शै.स. २०६९ परिक्षामा समिलित उतीर्ण | | | | | | शै.स. २०७० परीक्षामा समिलित उतीर्ण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | जम्मा | | छात्रा | जम्मा | छात्रा | जम्मा | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | |
| १. | जनता उच्च मा.वि. दहिपौडी | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. छजना | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

(स्रोत : विद्यालय तथ्याँक, २०६८ - २०७० )

## मा.वि.तहमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्था

### तालिक-१

### नमुना छनोटमा परेका उच्च/ मा.वि.हरुको विवरण

| क.स. | उच्च मा.विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | जनता उच्च मा.वि.दहिपौडी | | |
| २. | जनता उच्च मा.वि.सुखीपुर | | |
| ३. | जनता चेथरु जितन उच्च मा.वि. कविलासी | | |
| ४. | रामजानकी उच्च मा.वि. छजना | | |
| ५. | र.ज.मा.वि. बलही | | |

(श्रोत : सुखीपुर श्रोत केन्द्र, २०७०)

# तालिका-२

## जम्मा विद्यार्थी भर्ना विवरण कक्षा १० मा

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ | | | शै.स. २०६९ | | | शै.स.२०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | जनता उच्च मा.वि. दहिपौडी | १० | १०६ | ६४ | १७० | १०२ | ५२ | १५८ | २८ | ५४ | ८२ |
| २. | जनता उच्च मा.वि. सुखीपुर | १० | १८८ | ५२ | २४० | ६० | ८२ | १४२ | ५४ | ४८ | १०२ |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | १० | | | | ४४ | ६६ | ११० | ५६ | ४६ | १०२ |
| ४. | राम जानकी उच्च मा.वि. छजना | १० | ५० | ७४ | १२४ | ३४ | ४४ | ७८ | ४० | ७६ | ११६ |
| ५. | र.ज.मा.वि. बलही | १० | ८६ | १२४ | २१० | ७४ | ८४ | १५८ | २८ | ५४ | ८२ |
| | जम्मा | | | | ७४४ | | | ६४२ | | | ५०० |

(स्रोत: विद्यालय तथ्याँक शैक्षिक सत्र , २०६८-२०७०)

## तालिका -३

## दलित विद्यार्थीको भर्ना विवरण कक्षा १० मा

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ | | | शै.स. २०६९ | | | शै.स.२०७० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | जनता उच्च मा.वि. दहिपौडी | १० | १० | २ | १२ | १२ | ८ | २० | २ | - | २ |
| २. | जनता उच्च मा.वि. सुखीपुर | १० | २ | | २ | १२ | ४ | १६ | २ | ४ | ६ |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | १० | | | | ४ | २ | ६ | ८ | | ८ |
| ४. | राम जानकी उच्च मा.वि. छजना | १० | ८ | २ | १० | ४ | २ | ६ | ८ | | ८ |
| ५. | र.ज.मा.वि. बलही | १० | १२ | ४ | १६ | १२ | ४ | १६ | ६ | ४ | १० |
| | जम्मा | | ३२ | ८ | ४० | ४४ | २० | ६४ | २२ | ८ | ३० |

(श्रोत : विद्यालय तथ्याङ्क शैक्षिक सत्र, २०६८-२०७०)

## तालिका -४

## नमुना छनोटमा परेका विद्यार्थीहरुको विवरण

| क.स. | विद्यार्थीको नाम | उमेर | शै.स. २०७१ | | जम्मा हाजरी दिन |
|---|---|---|---|---|---|
| | छात्राहरु कक्षा १० | | कक्षा ९ मा विषय लागेको/नलागेको | | |
| १ | ज्य प्रकाश महतो | १७ | नलागेको | | १५५ |
| २. | धनपैत दास | १५ | नलागेको | | १२५ |
| ३. | घनश्याम यादब | १५ | नलागेको | | १२४ |
| ४. | प्रमोद साह | १६ | नलागेको | | १२२ |
| ५. | जितेन्द्र साह | १६ | नलागेको | | १३० |
| | | | | | |
| | छात्रहरु | | | | |
| १ | रिणा कुमारी यादब | १५ | नलागेको | | १२५ |
| २. | अम्बिका कुमारी यादब | १५ | नलागेको | | १२५ |
| ३. | रेणु कुमारी मोची | १६ | नलागेको | | १२० |
| ४. | लिलम भण्डारी | १६ | विषय लागेको | | ११० |
| ५. | गायत्री शर्मा | १६ | नलागेको | | १२४ |
| | | | | | |

(श्रोत : स्थलगत सर्वोक्षण तथा विद्यालय अभिलेख बैसाख, २०७१ )

## तालिका-५

## परीक्षामा समिलित, परीक्षामा उतीर्ण, अनुतीर्ण हुने विद्यार्थी विवरण ( मा.वि. तह)

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ परीक्षामा समिलित | | शै.स. २०६८ उतीर्ण | | शै.स. २०६८ अनुतीर्ण | | शै.स. २०६९ परीक्षामा समिलित | | शै.स. २०६९ उतीर्ण | | शै.स. २०६९ अनुतीर्ण | | शै.स. २०७० परीक्षामा समिलित | | शै.स. २०७० उतीर्ण | | शै.स. २०७० अनुतीर्ण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा |
| १ | जनता उच्च मा.वि. दहिपौडी | १० | ६४ | १७० | २४ | ६६ | ४० | १०४ | ५२ | १५४ | ३२ | ७२ | २० | ८२ | ४८ | ९८ | २ | ८ | ४६ | ९० |
| २. | जनता उच्च मा.वि. सुखीपुर | १० | ५२ | २४० | ४० | १६२ | १२ | ७८ | ८२ | १४२ | ६२ | १२२ | २० | २० | ४६ | १०२ | | | ४८ | १०२ |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | १० | | | | | | | ६६ | ११० | २४ | ५० | ४२ | ६० | ४६ | १०२ | ४ | ६ | ४२ | ९० |
| ४. | राम जानकी उच्च मा.वि. छजना | १० | ७४ | १२४ | २६ | ६२ | ४८ | ६२ | ४४ | ७८ | ३६ | ७० | ८ | ८ | ७६ | ११६ | २ | १० | ७४ | १०६ |
| ५. | र.ज.मा.वि. बलही | १० | १२४ | २१० | ३४ | १०४ | ९० | १०६ | ८४ | १५८ | ५६ | ७८ | २८ | ८० | ५४ | ८२ | ४ | १२ | ५० | ७० |

(स्रोत : विद्यालय तथ्याङ्क ,२०६८/२०७०)

## तालिका -६

## परीक्षामा समिलित, परीक्षामा उतीर्ण, अनुतीर्ण हुने दलित विद्यार्थी विवरण ( मा.वि. तह)

| क.स. | विद्यालयको नाम | कक्षा | परीक्षामा समिलित | | शै.स. २०६८ उतीर्ण | | अनुतीर्ण | | परीक्षामा समिलित | | शै.स. २०६९ उतीर्ण | | अनुतीर्ण | | परीक्षामा समिलित | | शै.स. २०७० उतीर्ण | | अनुतीर्ण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा |
| १ | जनता उच्च मा.वि. दहिपौडी | १० | २ | १२ | २ | १२ | | | | ८ | | ८ | | | | २ | २ | २ | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | १० | | २ | | २ | | | ४ | १६ | ४ | १६ | | | ४ | ६ | | | ४ | ६ |
| | | | | | | | | | | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च | १० | | | | | | | | २ | | २ | | | | ४ | | ४ | | |
| | मा.वि. कविलासी | | | | | | | | | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. | १० | २ | १० | २ | १० | | | | ४ | | ४ | | | | ८ | | ६ | | २ |
| | छजना | | | | | | | | | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | १० | ४ | १६ | ४ | १६ | | | ४ | १६ | ४ | १६ | | | | ६ | | ६ | | |
| | | | | | | | | | | | | | | | | | | | | |

(स्रोत : विद्यालय तथ्याङ्क ,२०६८/२०७०)

## तालिका -७

## आँशिक परीक्षामा समिलित उतीर्ण विद्यार्थीको विवरण (मा.वि.तह)

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ | | | | | शै.स. २०६९ | | | | | | शै.स. २०७० | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समिलित परीक्षार्थी | | | उतीर्ण | | परिक्षामा समिलित | | | | उतीर्ण | | परीक्षामा समिलित | | उतीर्ण | | |
| | | | छात्रा | जम्मा | | छात्रा | जम्मा | छात्रा | जम्मा | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | |
| १. | जनता उच्च मा.वि. दहिपौडी | १० | १८ | ३२ | | ८ | १६ | २० | ३० | | | १० | १६ | १८ | ४० | १० | २४ | |
| | | | | | | | | | | | | | | | | | | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | १० | २६ | ४२ | | २२ | ४० | १२ | ३८ | | | ८ | २८ | १४ | २२ | १२ | २० | |
| | | | | | | | | | | | | | | | | | | |
| ३. | जनता चेथरु जीतन उच्च | १० | २ | ३ | | ३ | ३ | २ | २ | | | १ | १ | २ | २ | २ | २ | |
| | मा.वि. कविलासी | | | | | | | | | | | | | | | | | |
| ४. | राम जानकी उच्च मा.वि. | १० | १८ | ३५ | | ५ | १५ | ४ | ६ | | | ५ | ७ | १० | १० | ८ | १० | |
| | छजना | | | | | | | | | | | | | | | | | |
| ५. | र.ज.मा.वि. बलही | १० | २८ | ४८ | | १० | २० | ३४ | ६२ | | | १८ | ४४ | ३६ | ५२ | २० | २८ | |
| | | | | | | | | | | | | | | | | | | |

(स्रोत : विद्यालय तथ्याँक, २०६८ - २०७० )

## तालिका -८

## आँशिक परीक्षामा समिलित र उतीर्ण दलित विद्यार्थीको विवरण ( मा.वि.तह)

| क.स. | विद्यालयको नाम | कक्षा | शै.स. २०६८ समिलित परीक्षार्थी उतीर्ण | | | | | शै.स. २०६९ परिक्षामा समिलित उतीर्ण | | | | | | शै.स. २०७० परीक्षामा समिलित उतीर्ण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | जम्मा | | छात्रा | जम्मा | छात्रा | जम्मा | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | |
| १. | जनता उच्च मा.वि. दहिपौडी | १० | | | | | | | २ | | | | २ | | २ | | २ | |
| २. | जनता उच्च मा.वि. सुखीपुर | १० | ६ | १२ | | ६ | १२ | | | | | | | २ | ६ | २ | ४ | |
| ३. | जनता चेथरु जीतन उच्च मा.वि. कविलासी | १० | १ | २ | | १ | २ | १ | २ | | | | २ | | २ | | २ | |
| ४. | राम जानकी उच्च मा.वि. छजना | १० | | २ | | | २ | | २ | | | | | | २ | | २ | |
| ५. | र.ज.मा.वि. बलही | १० | | २ | | | २ | | | | | | | | २ | | २ | |

(स्रोत : विद्यालय तथ्याँक, २०६८ - २०७० )